जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २८ अंक ९ २०८३ असार ७ गते आइतबार (Jun. 21, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## आन्दोलनको अर्को बिकल्प नभएको दाबि

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका चारवटा कम्युनिष्ट पार्टी सुकुम्वासी लगायतका बिषयमा आन्दोलनमा जाने भएका छन् । आन्दोलनको तालिका भने सार्वजनिक गरिएको छैन । चार पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिको आयोजनामा गत शुक्रबार काठमाडौंमा भएको राष्ट्रिय स्वाधीनता र सुकुम्वासी समस्या विषयक अन्तरक्रिया कार्यक्रममा अधिकांश नेताहरुले अब सशक्त आन्दोलनमा जानु बाहेक अर्को विकल्प नभएको बताउनुभएको थियो । सो कार्यक्रममा बोल्दै क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल,नेकपा बहुमतका महासचिव धर्मेन्द्र बास्तोला, वैज्ञानिक कम्युनिष्ट पार्टी नेपालका महासचिव विश्वभक्त दुलाल, नेकपाका अध्यक्ष ऋषि कट्टेलले आन्दोलनमा जोड दिनुभएको थियो । सो कार्यक्रमका वक्ताहरुले वर्तमान सरकारले राष्ट्रिय स्वाधीनताको रक्षाको विषयमा उदासिनता प्रकट गरेको बताउनु भएको थियो । प्रधानमन्त्रीलेनै नेपालले भारतीय भूमि मिचेको छभन्ने अभिव्यक्ति दिएर राष्ट्रियताको विषयलाई कमजोर बनाउने काम भएको बताउँदै **बाँकी ८ पेजमा**

## नेपाली कम्युनिष्ट पार्टीमा आन्तरिक कलह बढ्दै गएको खुलाशा

# पुष्पकमल दाहाललाई संयोजक छाड्न दबाव

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीमा आन्तरिक झगडा उत्कर्षमा पुगेको छभने पार्टीका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधव नेपाललाई नै मुख्य समस्याकारुपमा अगाडि सारिएको छ । यसैक्रममा सो पार्टीका वरिष्ठ नेता झलनाथ खनालले आफ्नै पार्टीका पार्टी संयोजक दाहाल र सहसंयोजक नेपालको राजीनामाको माग गर्नुभएपछि विवाद उत्कर्षमा पुगेको छ । नेता खनालले पार्टी नेतृत्वले संस्था सञ्चालनगर्न नसकेकोभन्दै उहाँले ३६ बुँदे असन्तुष्टि पत्रमार्फत दुवै नेतालाई मार्गप्रशस्तगर्न दबाव दिनुभएको हो । खनालले पठाएको उक्त पत्रमा पार्टीको वर्तमान अवस्थाप्रति गम्भीर चिन्तासमेत व्यक्त गरिएको छ । उहाँले यस्तो अवस्थामा पार्टीलाई महाधिवेशनसम्म व्यवस्थित रुपले पुऱ्याउने गाह्रो छ । त्यसैले तपाईंहरुले संयोजन समितिको विशेष बैठक बोलाएर मार्गप्रशस्त गर्नुपर्छ



भन्नुभएको छ । उहाँले नयाँ, योग्य र विचारवान नेतालाई संयोजक निर्वाचितगर्न कमिटीलाई अधिकार दिनुपर्ने र उक्त कमिटीले केन्द्रीय कमिटीलाई राष्ट्रिय महाधिवेशन आयोजक कमिटीमा रुपान्तरण गर्नुपर्ने प्रस्ताव पनि गर्नुभएको छ । सो पार्टीमा संयोजक दाहाललगायतका बिभिन्न नेताहरुबीच तीव्र विवाद भैरहेकै बेला सो पार्टीका चर्चित नेता तथा पूर्वसभामुख कृष्णबहादुर महराले पार्टी परित्याग गरेको घोषणा गर्नुभएको छ । उहाँले अकस्मात एक प्रेस विज्ञप्ति जारीगर्दै पार्टीको सम्पूर्ण कार्यकारी र सक्रिय जिम्मेवारीहरुबाट अलग भएको घोषणा गर्नुभएको छ । त्यसैगरी अन्य नेताहरुले पनि सो पार्टी परित्यागगर्ने क्रम बढेको जानकारहरुको भनाई छ । यसैबीच संयोजक दाहालले केहीले पार्टीभित्र कलह र जनतामा निराशा बाढ्ने काम गरिररहेको आरोप लगाउनुभएको छ । गत शुक्रबार पार्टी कार्यालय कोटेश्वरमा आयोजित कार्यक्रममा बोल्दै संयोजक दाहालले पार्टीको पछिल्लो अवस्थाप्रति गंभिर चिन्ता व्यक्त गर्नुभएको थियो । त्यसैगरी सोही कार्यक्रममा पार्टीका सहसंयोजक माधवकुमार नेपालले पनि केही व्यक्तिहरुले पार्टीका विरुद्ध योजनाबद्धरुपमा नकारात्मक प्रचार गरिरहेको बताउनुभएको थियो । उहाँले देशलाई केन्द्रविन्दुमा राख्ने, जनताका मुद्धालाई प्राथमिकतामा राख्ने र समाजमा आमूल परिवर्तन ल्याउने लक्ष्यसहित पार्टी संरचना गठनको कार्य तीव्र गतिमा अघिबढिरहेको बताउनुभएको थियो । जानकारहरुले सो पार्टीमा **बाँकी ८ पेजमा**

## चिया उद्योग बन्द भएकोमा चिन्ता व्यक्त

काठमाडौं । लोकनारायण सुवेदी नेतृत्वको नेकपाले नेपालका चिया उद्योग धमाधम बन्द भएकोप्रति चिन्ता व्यक्त गरेको छ । सो पार्टीका संयोजक लोकनारायण सुवेदीले एक बक्तव्य प्रकाशितगरी बन्दभएका चिया उद्योगहरु तत्काल खुलाउन सरकारसँग माग पनि गर्नुभएको छ । उहाँले बक्तव्यमा भारतले कथित स्ट्याण्डर्ड अपरेटिभ प्रोसिजरको नाउँमा नेपाली चिया निर्यातमा खिचलो झिकेको र नेपाल सरकारले त्यस समस्याको तत्काल निकारणगर्ने कुनै प्रयत्न नगरेकोले नेपाली चिया उद्योगहरु बन्द हुन बाध्यभएकोप्रति नेपाल कम्युनिष्ट पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको चिया निर्यातमा बिभिन्न स्तरको अपारदर्शी जाँच प्रकृया भारतले लादेको र नतिजा आउन बिलम्ब हुने, अस्वीकृत भए स्वत नोक्सानीमा जाने तथा भण्डारणको अभाव समेतलेगर्दा नेपाली चिया उद्योगीहरुका अगाडि ठूलो जोखिम खडागरेको कुरा नेपाल सरकार समक्ष राख्दा पनि कुनै सुनुवाई नभएपछि हिजो असार एकगतेदेखि चिया **बाँकी ८ पेजमा**

## श्रम मन्त्रालयबाटै छानबिन प्रतिवेदन गायब

काठमाडौं । सरकारको श्रम मन्त्रालयबाटै छानबिन प्रतिवेदन गायब भएको विषय क्रमश: चर्किदैगएको देखिएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको स्वास्थ्य परीक्षणमा सिन्डिकेटमार्फत रकम असुलिएको विषयमा तयार गरिएको छानबिन प्रतिवेदन तथा सम्बन्धित मिसिल श्रम मन्त्रालयबाट गायबभएको भनिएको घटनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलेसमेत चासो देखाएको पाइएको छ। अख्तियारले उक्त मन्त्रालयलाई पत्राचारगर्दै छानबिन समितिसँग सम्बन्धित सम्पूर्ण कागजात र मिसिल सात दिनभित्र उपलब्ध गराउन निर्देशन दिएपछि सो विषय गंभिर भएको हो । मन्त्रालयमा बुझाइएको प्रतिवेदन तथा फाइल जिम्मेवार व्यक्तिहरुबाट गायबपारिएको हुनसक्ने आशंकामा अनुसन्धान प्रक्रिया अघि बढाइएको आयोग श्रोतले जनाएको छ । सहसचिव उपेन्द्र पौडेल नेतृत्वको १६ सदस्यीय कार्यदलले ३६ वटा स्वास्थ्य संस्थामा छापा मारेर संकलन गरेका प्रमाण तथा प्रतिवेदनका आधारमा ठगी, संगठित अपराध, कर छली, विदेशी मुद्रा विनिमय र सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान आवश्यक रहेको **बाँकी ८ पेजमा**

## पेशागत संघसंगठनहरुद्वारा ऐक्यबद्धता र्याली

काठमाडौं । वर्तमान सरकारका पछिल्ला गतिविधिप्रति बिभिन्न पेशागत संघसंगठनहरु असन्तुष्ट देखिएका छन् । यसैक्रममा लोकतन्त्र, विधिको शासन, नागरिक सर्वोच्चता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, पेशागत तथा ट्रेड युनियन अधिकारको रक्षाका लागि गत शुक्रबार काठमाडौंमा एक ऐक्यबद्धता र्याली भएको छ । नेपाल पत्रकार महासंघ समेतको शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) को ब्यानरमा सो कार्यक्रम भएको हो । माइतीघर मण्डलाबाट शुरुभएको उक्त र्याली बबरमहलमा पुगेर सभामा परिणत भएको थियो । उक्त कार्यक्रममा पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा, नेपाल इन्जिनियर्स एशोसियसनका उपाध्यक्ष प्रकाश केसी, राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेल, नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मिकिशोर सुवेदी, नेपाल चिकित्सक संघका अध्यक्ष बद्रि– रिजाल, नेपाल वार एसोसियसनका अध्यक्ष वरिष्ठ अधिवक्ता प्राडा विजयप्रसाद मिश्र, सम्पादक तथा **बाँकी ८ पेजमा**

## राप्रपामा बिवाद चर्किदो, महाधिवेशन अनिश्चित

काठमाडौं । राजावादी पार्टीकारुपमा कहलाइएको राप्रपामा विवाद चर्किदै गएको छभने सो पार्टीको महाधिवेशन अनिश्चित बनेको थाहाभएको छ । सो पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको केन्द्रीय महाधिवेशन मंसिरमागर्ने प्रस्ताव गर्नुभएको थाहा भएको छ । गत शुक्रबार काठमाडौंमा बसेको केन्द्रीय समिति बैठकमा अध्यक्ष लिङ्देनले आगामी मंसिर २६, २७ र २८ गते केन्द्रीय महाधिवेशनगर्ने प्रस्ताव गर्नुभएको भनिएको थियो । तर अन्य नेताहरुभने पार्टीमा देखिएको बिवाद र टुटफुटको अवस्थाको किनारा नलागेसम्म महाधिवेशन गराउन हतार गर्नुहुने बताउनुभएको छ । राप्रपाका पूर्व महामन्त्रि डा. धवल शमशेर राणालगायतका नेताहरुले सो पार्टी परित्यागगरी नयाँ पार्टी बनाउन पहल गरेपछि राप्रपा **बाँकी ८ पेजमा**

## रास्वपा प्रथम महाधिवेशनले तीब्र हलचल

काठमाडौं । चितवनको भरतपुरका आजबाट शुरुहुन लागेको सत्तारुढ रास्वपाको प्रथम महाधिवेशनले नेपालको संसदीय राजनीतिमा हलचल मच्चाएको छ । महाधिवेशनमा नेतृत्व चयनको विषयमा ठूलो विवाद रहेको बताइन्छ । हिजो शनिबार चितवनमै बसेको केन्द्रिय समितिको



बैठकमा उक्त संकेत देखिएको जानकारहरुको भनाई छ । बैठकमा राष्ट्रिय महाधिवेशन तयारी, महाधिवेशनका प्रतिनिधिहरुका सम्बन्धमा, महाधिवेशनमा प्रस्तुत हुने राजनीतिक प्रतिवेदन र विधान संशोधन लगायतका सम्बन्धमा छलफल भएको थियो । आज असार सातगतेदेखि नौगतेसम्म चितवनको भरतपुरमा आयोजना हुन लागेको रास्वपाको प्रथम महाधिवेशनलाई लक्षितगरी त्यहाँ सुरक्षा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएको थाहा भएको छ । महाधिवेशनमा प्रधानमन्त्री, मन्त्रीहरु, सांसद, **बाँकी ८ पेजमा**

## राजमोद्वारा अर्थमन्त्रिमाथि छानबिनगर्न माग

काठमाडौं । राष्ट्रिय जनमोर्चाले अर्थमन्त्रि डा. स्वर्णिम वाग्लेमाथि छानविनगर्न माग गरेको छ । सो मोर्चाका कार्यवाहक अध्यक्ष रश्मिराज नेपालीद्वारा जारी प्रेस वक्तव्यमा उक्त माग गरिएको छ । बक्तव्यमा उहाँले करको दर हेरफेरगरी गोप्य सूचना चुहावट गरेको बिषयमा संसद तथा सञ्चारमाध्यममा उठेको प्रशंगप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेखगर्दै न्यायिक वा संसदीय विशेष छानबिन समिति गठन गर्नुपर्ने मागलाई समर्थन पनि गरिएको छ। विगतमा यस्ता प्रकरणमा छानबिन समिति गठन भएका नजिर रहेको उल्लेखगर्दै सरकार र अर्थमन्त्रीले छानबिनको आवश्यकता अस्वीकारगर्नु उचित नभएको मोर्चाको धारणा रहेको छ । वक्तव्यमा छानबिन समितिको विरोधले गोप्य **बाँकी ८ पेजमा**

## अखिल क्रान्तिकारी पुनरगठनमा समस्या

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टी निकटका बिभिन्न विद्यार्थी संगठनहरुका बीचमा एकीकरणगर्न समस्या देखिएको थाहा भएको छ । यसअघि बिभिन्न समूहबाट सो पार्टीमा आवद्ध भएका विद्यार्थी संगठनहरु अखिल (क्रान्तिकारी) र अनेरास्ववियूबीचको एकता प्रक्रियालाई अघि बढाउन तीनवटा छुट्टाछुट्टै कार्यदल गठन गरिए पनि समस्याको समाधान हुन सकेको छैन । तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका बिभिन्न कम्युनिष्ट घटकहरु एक हुनुअघिका सम्बन्धित दल निकटका विद्यार्थी संगठनहरुबीच एकताका लागि पहल भइरहेको हो । गत शुक्रबार बसेको एकतासम्बन्धी संयुक्त पदाधिकारी बैठकले संगठन एकतालाई निष्कर्षमा पुऱ्याउने उद्देश्यसहित वार्ता तथा समन्वय, राजनीतिक तथा शैक्षिक प्रतिवेदन लेखन, र विधान मस्यौदा तयारीका लागि अलग,अलग कार्यदल गठनगर्ने निर्णय गरेको थियो । वार्ता तथा समन्वय कार्यदलमा विजय प्रकाश सापकोटा, मदन ढकाल, ममता अधिकारी, **बाँकी ८ पेजमा**

## प्रगतिशील बुद्धिजीवी संघको राष्ट्रिय भेला सम्पन्न

काठमाडौं । लोकनारायण सुवेदी नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग सम्बन्धित बुद्धिजीवीहरुको हालै भएको एक राष्ट्रिय भेलाले अखिल नेपाल प्रगतिशील बुद्धिजिवी संघको अध्यक्षमा महादीप पोखरेल, उपाध्यक्षमा बद्रीनाथ अधिकारी र महासचिवमा परशु कोइरालालाई निर्वाचित गरेको छ । काठमाडौंको सम्वाद डबलीमा सम्पन्न यो भेलाले प्रदेश उपाध्यक्षहरुमा तोयाराज अधिकारी, भरतकुमार साह रोनियार, नवराज उप्रेती, श्यामसुन्दर श्रेष्ठ, सजय पौडेल, राजेन्द्र साउद र सचिवमा राजेन्द्र साउदलाई निर्वाचित गरेको छभने सचिवमा आशिष जोशीलाई चयन गरेको छ । संघको केन्द्रिय समितिमा आशिष जोशी र कोषाध्यक्ष प्रेमबहादुर थापा निर्वाचित हुनुभएको छ । त्यसैगरी केन्द्रीय सदस्यमा महेश पौडेल,

**समाचार विश्लेषण**

वासुदेव नाथ, सुशील भट्टराई, खेम पौडेल, मोहन खतिवडा, रामबहादुर अधिकारी, भोजराज विश्वकर्मा, तेज विश्वकर्मा, भगिरथ घिमिरे, पवन खवास, ध्रुव भण्डारी, अच्युत कट्टेल र भक्त रसाईली रहनुभएको छ । भेलालले डा. डीपी पौडेल प्रमुख रहेको रमेश पौडेल, टिका कडेँल, निरेन्द्र कुँवर सदस्य रहेको एक सल्लाहकार समितिको समेत चयन गरेको छ । भेलामा ०२९ सालको माघ १६-१९ मा सम्पन्न राष्ट्रिय सम्मेलनद्वारा बुद्धिजीवीहरु पुनर्संगठित गरी कमरेड पुषपलालले शुरु गर्नुभएको पहल र प्रयत्नलाई फेरि नयाँ उचाईमा उठाउन यो अखिल नेपाल प्रगतिशील बुद्धिजीवी संघ गठन गरिएको जानकारी दिइएको थियो । उक्त भेलामा बोल्नुहुँदै नेपाल कम्युनिष्ट पार्टीका संयोजक लोकनारायण सुवेदीले राष्ट्रिय स्वाधीनता र सम्प्रभुतालाई केन्द्रबिन्दुमा राखेर, राष्ट्रियता, जनतन्त्र, नागरिक स्वतन्त्रता तथा जनजिविकाका समस्या हलगर्ने सम्पूर्ण श्रमजीवी जनता सहीतको राष्ट्रीय एकता वर्तमानको सर्वाधिक महत्वको जरुरी कुरा होभन्नेमा विशेष जेडदिनु भएको थियो । साम्राज्यवादले जनताका बीचमा **बाँकी ८ पेजमा**

## दुई महिनामै ४८ अर्ब ऋण लिइएको खुलाशा

काठमाडौं । बर्तमान सरकार गठन भएको दुई महिनामै ४८ अर्ब ऋण लिइएको खुलाशा भएको छ । गत फागुन २१ गतेको निर्वाचनबाट झण्डै दुई तिहाइ मतसहित बनेको वालेन्द्र शाह नेतृत्वको बर्तमान सरकारले गत जेठसम्ममै ४८ अ[redacted] रुपैयाँबराबरको ऋण स[redacted] गरेको थाहा भएको छ । गत चैत १३ गते मात्र बर्तमान सरकार गठन भएको थियो । त्यसको नौ दिनपछि चैत २२ गते बसेको मन्त्रिपरिषद्को दोश्रो बैठकबाट बिभिन्न परियोजना र शीर्षकमा ऋणदेखि अनुदान स्वीकार्ने काम भएको थियो । चैत २२ गतेदेखि जेठसम्म कूल ३२ करोड २० लाख अमरिकी डलर ऋण सहायता स्वीकार गरिएको छ । औसतमा एक अमेरिकी डलरबराबर १५० रुपैयाँ दर रहेकाले ऋण रकम ४८ अर्ब ३० करोड रुपैयाँ हुनआउँछ । बर्तमान सरकारले चैत २२ मा डिजिटल नेपाल ट्रान्सफरमेसन प्रोजेक्टका लागि एशियाली विकास बैंकले प्रदानगर्ने चारकरोड अमेरिकी डलर ऋण सहायता स्वीकार गरेको थियो । त्यसैगरी सोही शीर्षकमा विश्व बैंकले प्रदानगर्ने पाँच करोड डलर ऋण सहायता स्वीकारगर्ने अर्थ मन्त्रालयको प्रस्ताव क्याबिनेटले स्वीकृत गरिसकेको छ । सोही दिन सरकारले विश्व बैंकबाट दिगो र समावेशी वित्त परियोजनाको लागि प्राप्त हुने नौकरोड ५० लाख डलर सहुलियतपूर्ण ऋण स्वीकारगर्ने अर्थ मन्त्रालयलाई स्वीकृति प्रदानगर्ने निर्णय गरेको थियो । गत चैत २[redacted]र लुम्बिनी क्षेत्र विकास[redacted] कार्यान्वयनगर्न विश्व [redacted] अन्तर्राष्ट्रिय विकास सं[redacted] आठकरोड ५० लाख ड[redacted]को सहुलियतपूर्ण ऋण स्वीकार्ने निर्णय गरेको थियो । गत चैतमा गठन भएको बर्तमान सरकारले गठनभएको १७ दिनमै साढे ४० अर्ब रुपैयाँ बराबरको ऋण लिएको पाइएको छ । बर्तमान सरकारले गठन भएपछि कूल तीनअर्ब २८ करोड ७१ लाख रुपैयाँ बराबरको अनुदान सहायता पनि स्वीकार गरेको छ । गत बैशाख दुईगते बसेको मन्त्रिपरिषद्को बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, **बाँकी ८ पेजमा**

## स्वीस....

बताउनुभएको छ। सम्झौतापछि अमेरिकी सेनाले इरानी बन्दरगाहहरुमा लगाइएको नौसैनिक नाकाबन्दी हटाएको जनाएको छ। अमेरिकी युद्धपोतहरुभने क्षेत्रमै रहने बताइएको छ। द्वन्दकाक्रममा प्रभावित भएको हर्मुज जलघाँटीमा पनि बिस्तारै गतिविधि पुनः शुरु हुनथालेको संकेत देखिएको छ। केही साउदी तेल ट्यांकर तथा तरल प्राकृतिक ग्याँस बोकेको फ्रान्सेली जहाज जलघाँटी पार गरिरहेका छन्। इरानी राज्य नियन्त्रित सञ्चार माध्यमकाअनुसार सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को निर्देशनअनुसार अब हर्मुज जलघाँटी प्रयोगगर्न चाहने जहाजहरुले त्यसका लागि तोकिएको सरकारी निकायमा अनुमति आवेदन दिनुपर्नेछ। सम्झौताअनुसार ६० दिनको अवधिभर त्यस्ता आवेदनबाट कुनै शुल्क नलिइने पनि जनाइएको छ। सो सम्झौताले अमेरिका, इजरायल र इरानबीचको हालको द्वन्दअन्त्यगर्ने अपेक्षा गरिएको छ। सम्झौताअन्तर्गत वाशिंटनले इरानमाथि लगाइएका तेलसम्बन्धी प्रतिबन्ध तत्काल हटाउने प्रतिबद्धता जनाएको बताइएको छ। साथै इरानको आणविक कार्यक्रमबारे अन्तिम सहमति भएपछि क्षेत्रीय राष्ट्रहरुको सहकार्यमा तीन खर्ब अमेरिकी डलर बराबरको पुनर्निर्माण कोष परिचालनगर्न सहयोग गरिने उल्लेख गरिएको छ। ट्रम्पले भने थप सैन्य दबाबले हर्मुज जलघाँटी बन्द हुनसक्ने, विश्वव्यापी ऊर्जा आपूर्ति प्रभावित हुने र आर्थिक मन्दी निम्तिन सक्ने तर्कगर्दै कूटनीतिक समाधाननै उचित विकल्प भएको बताउनुभएको छ। इरानभित्रका केही कट्टरपन्थी समूहहरुले पनि सम्झौताप्रति असन्तुष्टि जनाएका छन्। जसलेगर्दा विश्वमा अझैपनि अन्योलको अवस्था कायमै रहने देखिएको छ।

## राष्ट्रिय....

सहभागीहरुले आफ्नो रुचिअनुसार होटल बुकिङ गरिसकेको जानकारीदिँदै उहाँले महाधिवेशनस्थलमै खानाको व्यवस्था गरिने बताउनुभयो। गौतमका अनुसार प्रतिनिधि तथा पर्यवेक्षकमध्ये करिब ८० प्रतिशतले होटल बुकिङ गरिसकेका छन्। महाधिवेशनका क्रममा चितवनका तीन हजारभन्दा बढी होटल कोठा प्रतिनिधि र पर्यवेक्षकले भरिने अनुमान गरिएको छ। महाधिवेशनमा सहभागी हुने प्रतिनिधि तथा पर्यवेक्षकलाई लक्षित गरी चितवनका होटलहरुले विशेष छुटको व्यवस्था गरेका छन्। होटल व्यवसायी सङ्घ चितवन र क्षेत्रीय होटल सङ्घ चितवनले आवासमा २५ प्रतिशत तथा खाना र पेयपदार्थमा १० प्रतिशतसम्म छुट दिने भएका हुन्। महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरुले आफ्नो आवास खर्च आफैं व्यहोर्ने व्यवस्था गरिएको छ। **(उपरोक्त तस्वीर तथा समाचार बिवरण रासस लगायतका सञ्चार माध्यमबाट संकलन गरिएका हुन्।)**

## पुष्पकमल....

तीब्र असन्तोष बढिरहेको बताएका छन्। सो पार्टीका अधिकांश नेता तथा कार्यकर्ताहरु आआफ्नो पुरानै पार्टीमा फर्कने तयारीमा रहेको बताइएको छ।

## पेशागत...

पत्रकारहरुकातर्फबाट कनकमणि दीक्षित, त्रिवि प्राध्यापक संघका बसन्त ढकाल, पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाउँले र गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन भट्टराईले मन्तव्य राख्नुभएको थियो। वक्ताहरुले ०६२-६३ सालको आन्दोलनमा सक्रिय पेशागत संगठनहरु अहिले पुनः सक्रिय हुनुपर्ने अवस्था उत्पन्न भएको बताउनुभएको थियो। बर्तमान सरकारले लोकतन्त्र र विधिको शासनको सम्मान नगरे जस्तोसुकै आन्दोलन उठाउन पनि आफूहरु तयार रहेको वक्ताहरुको उद्घोष थियो। यसैबीच जिल्ला प्रशासन कार्यालय काठमाडौंले जिल्लाका सरकारी निकायमा कार्यरत कर्मचारीआबद्ध संघसंगठनका कार्यालयहरु सरकारी भवनबाट हटाउन निर्देशन दिएको छ। कार्यालयका प्रशासकीय अधिकृत तीर्थराज कटेलले त्यस्ता कार्यालयहरु सात दिनभित्र हटाउन निर्देशन दिइएको जानकारी दिनुभएको छ। जिप्रका काठमाडौंले एक सूचना जारीगरी संस्था दर्ता ऐन-०३४ बमोजिम यस जिल्ला प्रशासन कार्यालयमा दर्ताभई काठमाडौं जिल्लास्थित बिभिन्न सरकारी तथा सार्वजनिक निकायमा कार्यरत कर्मचारी आबद्धरहेका गैरसरकारी प्रकृतिका प्राविधिक वा पेशागत संघ, संगठन, संस्थाहरुको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय, जिल्ला कार्यालय, सम्पर्क कार्यालय वा इकाइ कार्यालयहरुका साइनबोर्ड राखी सरकारी भवन संरचनाभित्रै रहे भएको छभने हटाउन भनेको छ। जसलेगर्दा कर्मचारी संघसंगठनहरु पनि आन्दोलित भएका छन्।

## क्रान्तिकारी...

अभिमन्यु यादव, निरोज श्रेष्ठ, प्रकाश तामाङ, महेश श्रेष्ठ, अशोक थापा, कल्याण दाहाल, मेघनाथ चापागाईं तथा नरबहादुर कुमाल रहनुभएको छ। त्यसैगरी राजनीतिक तथा शैक्षिक प्रतिवेदन लेखन कार्यदलमा देउमा जैसी, कृष्णबहादुर सुनार, उमेश कँडेल, प्रेम जैसी, समकृति पुन, मिलन राई, दिनेश लो, दीपक बुढाथोकी, हिमाल थापा, टेकेन्द्र मल्ल तथा नमराज विक रहनुभएको छ। विधान मस्यौदा तयार कार्यदलमा अटल आचार्य, रेशम अधिकारी, विपिन पोखेल, शिशिर बस्याल, वीरेन्द्र जिसी, राजन शर्मा पराजुली, एलके राई, मनोज चन्द, कैलाश गिरि तथा लक्ष्मण विक रहनुभएको छ।

## राजमो...

सूचना चुहावट प्रकरणमा अर्थमन्त्रीको भूमिकामाथिको शंकालाई थप बलियो बनाएको पनि उल्लेख गरिएको छ। डा. वाग्लेमाथि अन्य पार्टीले पनि संसय ब्यक्तगर्दै आएका छन्।

## राप्रपा...

परित्यागगर्ने क्रम बढेको थाहाभएको छ। गत शुक्रबार भएको बैठक समेत कतिपय महत्वपूर्ण नेताहरुले बहिष्कार गर्नुभएको थियो।

## आन्दोलनको....

प्रधानमन्त्रीको सो अभिव्यक्ति राष्ट्रियता,नेपालको सार्वभौमिकताको विरुद्ध रहेको उल्लेखगर्नु भएको थियो। कार्यक्रममा सुकुम्बासीहरुलाई विस्थापनगरी होल्डिङ सेन्टरहरु राखी सरकार अत्यन्त गैरजिम्मेवाररुपमा प्रस्तुत भइरहेको बताइएको थियो। सुकुमबासीहरुको बासस्थानको व्यवस्थागर्न र भत्काइएका घर टहराको क्षतिपूर्ति प्रदानगरी दीर्घकालीन रुपमा सुकुम्बासी समस्या समाधानगर्न वक्ताहरुले माग गर्नुभएको थियो।

## चिया..

उद्योग बन्दगरेको सूचना जारीगरेका छन् भन्नुभएको छ। बक्तब्यमा यतिबेला त्यसरी जटील र झण्झटिलो गुणतस्तर जाँचका कारणले भारतमा निर्यात भएको २ लाख किलोभन्दा बढी चिया अलपत्रपरेको र नेपालका चिया उद्योगहरुमा १० लाख किलोभन्दा बढी चियापत्ति थन्किएर रहेको उद्योगीहरुले बताएका छन्। जसलेगर्दा उद्योगीहरुले चिया उत्पादक किसानहरुलाई चिया पत्तिको भुक्तानीसमेत दिन नसकेको जनाएका छन्। यसरी नेपालको चिया निर्यात बन्द भएको छ। तर छिटो छरितो सेवा प्रबाह र सुशासन दिने हो हल्ला पिटिरहेको बर्तमान सरकारको परराष्ट्र मन्त्री शिशिर खनाल र रास्वपाका नेता रबि लामिछाने नयाँ दिल्ली भ्रमण गरेर फर्के पनि चिया उद्योगी र किसानहरुको यो समस्याप्रति कुनै चासो र चिन्ता लिएको नदेखिएको गुनासो चिया उद्योगी र उत्पादक किसानहरुले गरिरहेका छन्। फलतः यो समस्या हल हुने छाँटकाँट नदेखेपछि चिया उद्योगीहरु बाध्य र निराश भएर उद्योग बन्दगर्न अग्रसर भएका छन्भने किसानहरु मूल्य नपाएर अलपत्र परेका छन्। उहाँले बक्तब्यमा सरकारले भारत सरकारसँग शिघ्रातिशिघ्र यो समस्या सुल्झाउन प्रयत्न गरेनभने त्यसको मारमा चिया उद्योगी र उत्पादक किसानहरु कुरा निश्चित छ भनिएको छ।

## श्रम....

निष्कर्ष निकालेको थियो। ती संस्थासँग सम्बन्धित महत्वपूर्ण मिसिल हाल मन्त्रालयबाट हराएको बताइएको छ। कार्यदलले वैदेशिक रोजगारीका क्रममा स्वास्थ्य परीक्षण शुल्क तथा अन्य शीर्षकमा श्रमिकबाट अवैधरुपमा रकम असुलिएको, फ्रि भिसा-फ्रि टिकट व्यवस्थाको उल्लंघन भएको तथा मलेसियासम्बन्धी केही आर्थिक कारोबारमासमेत अनियमितताको आशंका औंल्याएको थियो। प्रतिवेदन गायबभएको घटनाले मन्त्रालयका कर्मचारीदेखि राजनीतिक नेतृत्व सम्मको भूमिकामाथि प्रश्न उठाएको जानकारहरुको भनाई छ।

## प्रगतिशील...

फूटपार्न र बर्चश्व कायमगर्न जातीय, क्षेत्रीय,साम्प्रदायिक र साँसकृतिक कुराहरु उरालेर जनतामा फूट पैदागर्ने जुधाउने र संघर्षलाई कमजोर पार्ने गतिबिधिप्रति बुद्धिजीबीहरु सतर्क रहनुपर्ने अरुलाई पनि सावधान गराउनु पर्ने सुझाव पनि दिनुभएको थियो। नेकपा (बहुमत)का नेता दिपक चलाउने, स्वतन्त्र बुद्धिजीवी महिला सरला रेग्मी, नेकपासम्बद्ध अखिल नेपाल प्रगतिशील मजदुर संघका इञ्चार्ज लक्ष्मण उप्रेती, अखिल नेपाल प्रगतिशील महिला संघका संयोजक सीता सुवेदी, बुद्धिजीबी नेता डा.डीपी पौडेल र मोहन खतिवडा, जेनजी अभियन्ता रमेश विक्रान्त, पर्याबरणबिद् आशिष जोशीलगायतले बोल्नु भएको थियो। कार्य क्रममा प्राध्यपक तथा साहित्यकार परशु कोइराला र पार्टीका कार्यालय प्रमुख मुकुन्द आचार्यले प्रस्तुत कार्यपत्रमाथि बिभन्न महत्वपूर्ण सुझावहरु दिइएको थियो।

## रास्वपा....

उच्चपदस्थ व्यक्तित्व तथा विदेशी पाहुनाको समेत सहभागिता रहने भएकाले सुरक्षा तयारीलाई उच्च प्राथमिकतामा राखिएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले स्थानीय समाचारदाताहरुलाई बताउनुभयो। उहाँले महाधिवेशनलाई लक्षित गरी चारवटै सुरक्षा निकाय समन्वयात्मक रुपमा तयार भएको सुरक्षा योजना कार्यान्वयन गरिने जानकारी दिनुभएको छ। उहाँका अनुसार महाधिवेशन अवधिभर कुनै पनि सुरक्षा चुनौती उत्पन्न हुन नदिन रणनीतिक सुरक्षा योजना तयार पारिएको छ। प्रजिअ अर्यालले महाधिवेशनलाई केन्द्रित गरेर विस्तृत सुरक्षा योजना बनाएका छौं। आवश्यक परे अन्य जिल्लाबाट थप सुरक्षाकर्मी मगाएर भए पनि सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइने बताउनुभएको छ। महाधिवेशनस्थलको निरन्तर अनुगमन र निरीक्षणसमेत गरिरहेको उहाँले बताउनुभएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर पौडेलले महाधिवेशनको सुरक्षाका लागि एकहजार ८७ जनपद प्रहरी परिचालन गरिने बताउनुभएको छ। उहाँका अनुसार खुला सत्र र बन्द सत्रका लागि छुट्टाछुट्टै सुरक्षा रणनीति अपनाइएको छ। प्रहरी उपरीक्षक पौडेलले सुरक्षाका दृष्टिकोणले कुनै कमजोरी हुन नदिने गरी सम्पूर्ण सुरक्षा संयन्त्र परिचालन हुने बताउनुभएको छ। महाधिवेशन अवधिमा ठूलो संख्यामा सहभागी तथा सवारी साधनको चाप बढ्ने भएकाले ट्राफिक व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको छ। पार्टीले सकेसम्म कम सवारीसाधन प्रयोग गरेर आउन अनुरोध गरेको छ। रास्वपाका केन्द्रीय सचिवालय सदस्य दीपक बोहराले महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, तथा शुभेच्छुकहरुको ठूलो उपस्थिति रहने भएकाले ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्न सक्ने बताउनुभएको छ। उहाँले प्रतिनिधि र सहभागीलाई सकेसम्म सीमित सवारीसाधन प्रयोग गरेर आउन अनुरोध गरेको बताउनु भएको छ। यसअघि रत्ननगरको टाँडी क्षेत्रमा आयोजनागर्ने तयारी गरिएको महाधिवेशन भरतपुरमा सारिएको छ। रास्वपा चितवनका सभापति मिनिमाधव खनालका अनुसार अध्यधिक गर्मी, वर्षा तथा सुरक्षा व्यवस्थापनलाई मध्यनजर गर्दै कार्यक्रमस्थल परिवर्तन गरिएको हो। उहाँले यति ठूलो राष्ट्रिय कार्यक्रमको आयोजक बन्न पाउनु चितवनका लागि गौरवको विषय हो। सहभागीलाई घाम र वर्षाबाट सुरक्षित राख्न आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनका काम भइरहेका छन् भन्नुभएको छ। महाधिवेशनको सुरक्षाका लागि सुरक्षाकर्मीसँगै पार्टीका नेता कार्यकर्तासमेत खटिने सभापति खनालले जानकारी दिनुभएको छ। उहाँकाअनुसार बन्दसत्रमा करिब तीन हजार ५०० देखि चार हजार प्रतिनिधि सहभागी हुने अनुमान गरिएको छ। खुला सत्रमाभने ४० हजारदेखि ५० हजारसम्म उपस्थित हुनसक्ने अनुमान गरिएको उहाँले बताउनुभएको छ।

## दुई...

सत्य निरुपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्यान्ड सरकारबाट प्राप्त हुने १८ करोड ७१ लाख रुपैयाँ (१० लाख स्वीस फ्रान्क) अनुदान सहायता स्वीकार्ने निर्णय गरेको थियो। त्यसैगरी वैशाख २२ गते मध्य त्रिशूली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख प्रजातिका माछाको संरक्षण र माछा मार्ने समुदायहरुको दिगो जीविकोपार्जन परियोजनाको लागि विश्व वातावरण सुविधाबाट प्राप्त हुने १९ करोड रुपैयाँ (१२ लाख ७२ हजार ६३० अमेरिकी डलर) बराबरको अनुदान सहायता स्वीकारगर्ने निर्णय भएको थियो। त्यसैगरी जेठ पाँचगते नगरपालिका राजस्व अभिवृद्धि परियोजनाका लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्तहुने एकअर्ब १४ करोड रुपैयाँ (६१ लाख १६ हजार स्वीस फ्रान्क) अनुदान लिन सरकार सहमत भएको थियो। अरनिको राजमार्गको मर्मत सुधारगर्न चीन सरकारले प्रदानगर्ने एकअर्ब ७७ करोड रुपैयाँ (७ करोड ९३ लाख चिनियाँ आरएमबी) अनुदान सहायता सरकारले स्वीकार्ने निर्णय गरेको छ। त्यसैगरी संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रम (यूएनईपी)बाट ओजोन तहलाई क्षति पुऱ्याउने पदार्थको व्यवस्थापन र न्यूनीकरण गर्नेसम्बन्धी मोन्टरियल प्रोटोकलको कार्यान्वयन निरन्तरताका लागि अनुदान सहायता प्राप्तगर्न स्वीकृति दिएको छ। सरकारले देशमा ऋणको भार बढाएको प्रति सर्बत्र आलोचना भैरहेको छ।

## लेकसाइडमा खानेपानी समस्या

काठमाडौं। पर्यटकीय राजधानी मानिएको पोखराको प्रमुख पर्यटकीय क्षेत्र लेकसाइडमा खानेपानी अभाव भएको छ। होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा गएको टोलीले गत शुक्रबार संस्थान पुगेर लेकसाइड क्षेत्रमा खानेपानी समस्याबारे जानकारी गराउँदै तत्काल समाधानको माग गरेको थियो। अध्यक्ष सुवेदीले देशकै प्रमुख पर्यटकीय गन्तव्यमा खानेपानी अभाव हुनु चिन्ताजनक रहेको बताउनुभएको छ। उहाँले पर्यटनको राजधानी भनिने पोखराको मुख्य पर्यटकीय क्षेत्रमा आधारभूत आवश्यकता नै पूरा हुन नसक्नु दुःखद विषय हो भन्नुभयो। उहाँले दैनिक ट्यांकरबाट पानी किनेर होटल सञ्चालन गर्नुपरेको अवस्था छ। पर्यटकीय राजधानीलाई कम्तीमा नियमित खानेपानी सेवा त आवश्यक छ भन्नुभएको छ।


योग स्वस्थ जीवनको आधार

❖तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
❖योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं, ,
❖शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
❖दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
❖स्वस्थ खानपान र नियमित ब्यायामलाई प्राथमिकता दिऔं,
❖योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
❖सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
❖स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

कृषि उत्पादन बृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# आँधि र हुरीकाबीचमा टिकेका नेता केपी ओली र एमालेको पछिल्लो राजनीति

नेपालमा यतिबेला खासगरी राजनीतिमा पुरानालाई सिध्याउने र नयाँ अगाडि बढ्ने अभियाननै सञ्चालन भएको छ। पुराना पात झेर नयाँ पात पलाउनु प्रकृतिको नियम हो। तर समय नहुँदै पुराना पात छिमलेर नयाँ पालत पलाउन सक्दैन र पलाउने प्रयास गरे पनि त्यो दिगो हुँदैन। गत भदौ २३ र २४ को घटनापछि नेपालमा उमेरका आधारमा राजनीतिगर्ने जुन परिपाटी विकास गर्न/गराउन खोजिएको छ, त्यो आफैमा लगत छ। किनकी राजनीति भन्नु कुरा बिचारमा आधारित हुन्छ। बिचार बिनाको राजनीति बास्ना बिनाको फूल भनेजस्तै हो। त्यसैले पछिल्लो समयमा सबै पार्टीमा जबरजस्त नेतृत्व परिवर्तन गराउने जुन होड चलेको छ, त्यो आफैमा ज्यादै खतर्नाक छ। ०६३ को परिवर्तनपछि मुख्यत तत्कालीन माओवादीहरुले जातीय आधारमा राजनीति गर्ने/गराउने प्रयास गरेका थिए। हुँदाहुँदा उनीहरुले ०७२ को संविधानमै जातीयता झल्किने कतिपय प्रावधानहरु राखे। आखिर त्यो जातीय राजनीति अगाडि बढ्न सकेन। जातीय राजनीतिमात्र असफल भएको होइन। त्यसले आफूलाई माओवादीभन्ने सबै समूहको राजनीतिनै सखाव भयो। यतिबेला नेपालमा माओवाद र माओवादी राजनीतिको प्रबेश गराउने पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराई आफै माओवादी पार्टी र राजनीति दुबैबाट अलग हुनुपरेको अवस्था छ। राजनीतिक क्षेत्रमा उनीहरुको अबिश्वसनीयता यति हदसम्म बढेको छकि उनीहरुले स्थापना गराएका कुनैपनि पार्टी टिक्न नसक्ने अवस्था छ। डा. भट्टराई दलीय राजनीतिबाट पूरै किनारा लागि सकेको अवस्था छभने पुष्पकमल दाहाललाई पनि पार्टी राजनीतिबाट किनारा लगाउने अभियानहरु थालिएका छन्। नेपाली कम्युनिष्ट पार्टीमा दाहालका बिरुद्ध जुन अभियान शुरु भएकोछ, त्यसले उहाँलाई ढिलो चाँडो अबश्यनै किनारा लगाउने छ। त्यस्तै रोग एमालेमा पनि देखिएको छ। तर एमालेमा नेतृत्व परिवर्तनका लागि उठेको आवाज गलत छ। नेपालमा गत भदौ २३ र २४ को घटना एक प्रकारले एमालेका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्रि केपी ओली बिरुद्ध केन्द्रित थियो भनेपनि हुन्छ। उनीहरुले त्यतिबेला भएभरको राष्ट्रिय सम्पतिमा तोडफोड र आगजनी गरेर सरकार परिवर्तन गर्न/गराउन बाध्य बनाए।

अध्यक्ष ओलीले लिएको राष्ट्र र राष्ट्रियतासम्बन्धी अडानका कारण उहाँलाई भारतले भ्रमणको निम्तासमेत नदिएको स्पष्ट थियो। चीन भ्रमणकाक्रममा एउटा मार्च पासमा भाग लिएको कुरालाई बहाना बनाएर अमेरिका लगायतका पश्चिमा राष्ट्रले उहाँलाई सरकार प्रमुखबाट अपदस्त गराउन प्रयास गरेकोभन्ने ब्याख्या र बिश्लेषण पनि भैसकेको छ। भदौ २३ र २४ को घटना भएलगत्तै डा. बाबुराम भट्टराईले हतार हतार आफ्नो पार्टीको नेतृत्व परिवर्तन गराएर उक्त अभियानको थालनी गर्नुभएको थियो। त्यस लगत्तै पुष्पकमल दाहालले माओवादी पार्टी र माओवादी बिचारधारा दुबै त्यागेको सबैले प्रत्यक्ष अनुभव गरेका थिए। नेपाली कांग्रेसबाट शेरबहादुर देउवालाई किनारा लगाउन गत पुसमा जबरजस्त बिशेष महाधिवेशन गराइएको कुरा पछिल्ला घटनाक्रमहरुले स्पष्ट गरेका छन्। हाल उहाँलाई आफ्नो देशमासमेत बस्न नपाउने अवस्था सिर्जना गराइएको छ। एमालेका अध्यक्ष ओलीले सोही कुरा बुझेर हुनुपर्छ गत भाद्रमा विधान महाधिवेशन गराउनुकासाथै मंसिरमा बिशेष महाधिवेशन गराउनु भएको थियो। उहाँले आफ्नो प्रधानमन्त्रि पद गुमेपनि अध्यक्ष पद जोगाउन सफल हुनुभएको छ। हाल राप्रपाको अध्यक्ष पदबाट राजेन्द्र लिङदेनलाई बिस्थापित गराउन भरमग्दुर प्रयास भैरहेको छ। उपरोक्त सबै घटनाक्रमले नेपालमा राजनीतिक पार्टीहरुको नेतृत्व परिवर्तन गराउने अन्तराष्ट्रिय मिशन नै परिचालन भएको दिनको घाम जतिकै छर्लङ्ग छ। यस्तो अवस्थामा एमालेका अध्यक्ष ओलीले ठूलो आँधिबेहरीका बीचमा पनि पार्टीलाई जसरी जोगाउनु भयो, त्यसका लागि उहाँलाई सो पार्टीले देशका ७७ वटै जिल्ला सदरमुकाममा लगेर अभिनन्दन गरेको हुनुपर्ने थियो। कुनैबेला एनजीओको पार्टी भनेर प्रचारित एमालेमा उक्त अन्तराष्ट्रिय मिशनले प्रबेश पाउनु कुनै आश्चर्यको बिषय होइन। यतिबेलाको राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशलाई केलाएर हेर्दा एमालेको अध्यक्षबाट केपी ओलीलाई हटाउनुपर्ने कुनै कारण देखिएको छैन। बरु ओलीको अडानको सबैले अनुशरण गनुपर्ने देखिएको छ। यदि अन्तराष्ट्रिय अभियानमा सामेल भएर एमालेको अध्यक्षबाट ओलीलाई हटाइयो भने सो पार्टीको अवस्था पनि नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीकोजस्तै हुने छ। यो कुरा आफ्नो पार्टी भत्का्उन र सिध्याउन अग्रसर एमालेका कतिपय नेता तथा कार्यकर्ताहरुले समयमै बुझ्न सक्नु पर्दछ।

# बिभिन्न पार्टीमा देखिएको शक्ति संघर्ष र बुझ्नुपर्ने कुरा

**देश/परिवेश**
**डा. केशव देवकोटा**

नेपालमा एकातिर राष्ट्रिय संकट र अन्तराष्ट्रिय हस्तक्षेप बढिरहेको छभने अर्कातिर नेपालका प्रमुख राजनीतिक दलहरुमा देखिएको शक्ति संघर्षले देशको सुदुर भबिश्यकाबारेमा देशभक्त नेपालीहरुलाई चिन्तित बनाएको छ। जसकाबारेमा सबै पार्टीले आत्मसमीक्षा गर्नुपर्ने देखिएको छ। बिभिन्न पार्टीमा देखिएको शक्ति संघर्षको मुख्य कारण नेतृत्व, भावी उत्तराधिकार, सरकार गठन, विचारधारात्मक दिशा तथा पार्टीभित्रको गुटबन्दीसँग सम्बन्धित रहेको देखिन्छ। यी संघर्षहरुले नेपालको राजनीतिक स्थिरता र शासन व्यवस्थामा प्रत्यक्षत नकारात्मक प्रभाव पार्नेगरेका छन्। जसको समग्र मूल्यांकन आजको प्रमुख आवश्यकता भएको छ। कुनैबेला नेपाली कांग्रेसलाई नेपालको सबैभन्दा ठूलो र संगठित संसदीय पार्टी मानिन्थ्यो। आज सो पार्टी तीन चिरामा बिभक्त भएर आपसमै लडिरहेको छ। शेरबहादुर देउवा पक्ष र सुधारवादी तथा नयाँ पुस्ताका नेताहरुका बीचमा प्रभावको प्रतिश्पर्धा देखिएको छ। गगन थापा, विश्वप्रकाश शर्मालगायतका कतिपय नेताहरुले पार्टीमा पुस्तान्तरण र संगठनात्मक सुधारको मागगर्दै पार्टी बिभाजन गराएको देखिएपनि उनीहरु समेत पार्टीलाई अगाडि बढाउन सक्षम देखिएका छैनन्।

पार्टीको महाधिवेशन, संसदीय दलको नेतृत्व र भावी प्रधानमन्त्रीको दाबेदारीलाई लिएर आन्तरिक प्रतिस्पर्धा हुनेगरेको छ। त्यसैमा प्रबेश गरेर शक्तिकेन्द्रहरुले सो पार्टीलाई अझै छिन्नभिन्न बनाउने प्रयास गरिरहेका छन्। त्यसैगरी एमालेभित्रको शक्ति संघर्ष पनि यतिबेला ब्याख्या र बिश्लेषणलायक बिषय भएको छ। एमालेमा मुख्य नेतृत्व अध्यक्ष केपी ओली वरिपरि केन्द्रित भए पनि समय,समयमा नेतृत्वको शैली र निर्णय प्रक्रियालाई लिएर असन्तुष्टि देखिने गरेको छ। यस्तै बिवाद सिर्जना गराएर ०७८ मा माधवकुमार नेपाल समूह अलग भएर नेकपा (एकीकृत समाजवादी) गठन गरेको थियो। त्यो एमालेको सबैभन्दा ठूलो आन्तरिक शक्ति संघर्षको परिणाम थियो। आखिर माधव नेपालले आफ्नो पार्टी पनि चलाउन सक्नु भएनभने आफ्नो नेतृत्व पनि जोगाउन सक्नुभएन। हाल उहाँलाई नेपाली कम्युनिष्ट पार्टीको सहसंयोजकबाट समेत हटाउने प्रयास भैरहेको देखिन्छ। एमाले पार्टीमा ओलीपछिको नेतृत्व कसले सम्हाल्नेभन्ने प्रश्न पनि दीर्घकालीनरुपमा महत्वपूर्ण विषय बनेको छ। त्यसैगरी तत्कालीन माओवादी केन्द्र भित्रको शक्ति संघर्ष पनि गत भदौको घटनापछि छरप्रष्ट भएको थियो। पार्टीमा रहँदा ठूल्ठूला क्रान्तिका नारा दिनेहरुसमेत सबै गैह्रकम्युनिष्ट पार्टीमा सामेल हुनपुगेको देखिएको छ। माओवादी केन्द्रमा नेतृत्व पुष्पकमल दाहालमा केन्द्रित रहँदै आएको थियो। दोश्रो पुस्ताका नेताहरुले पार्टीभित्र नयाँ नेतृत्वको आवश्यकता औंल्याउँदै आएका थिए। केही प्रभावशाली नेताहरु पार्टीबाट अलग भएका वा फरक राजनीतिक धारमा गएका उदाहरणहरु पनि छन्। जनार्दन शर्मा निकट समूहको असन्तुष्टि र विभाजनसम्बन्धी घटनाले पार्टीभित्रको शक्ति संघर्षलाई उजागर गरेको थियो। संगठन पुनर्गठन, चुनावी रणनीति र गठबन्धन नीति पनि विवादको विषय बन्नेगरेको थियो। हाल पुष्पकमल दाहालले नेतृत्व गरेको नेपाली कम्युनिष्ट पार्टीपनि फेरि बिवादित भएको छभने अन्य समूहहरुपनि टिक्न नसक्ने अवस्थामा पुगेका छन्।

त्यसैगरी तराई केन्द्रित दलहरुमा पनि आपसी खिचातानी र आन्तरिक संघर्ष बढेर यतिबेला उनीहरु छरप्रष्ट अवस्थामा पुगेका छन्। कतिपय तराई केन्द्रित समूहहरु फेरी एकभएर नेपालको राजनीतिमा खडा हुने प्रयास गरिरहेका छन्। तर त्यो पनि संभव भैरहेको छैन। जनता समाजवादी पार्टीलगायत मधेसवादी दलहरुमा नेतृत्व र राजनीतिक रणनीतिलाई लिएर बारम्बार विभाजन र पुनर्गठन भएका अनेक उदाहारणहरु रहेका छन्। नेतृत्वको प्रतिस्पर्धा र क्षेत्रीय प्रभावको संघर्षका कारण नयाँ दलहरु जन्मिने र पुराना दलहरु कमजोर हुनेक्रम जारी छ। नेपालमा नयाँ दलहरुको उदयले बढाएको दबाब पनि ब्याख्या र बिश्लेषणलायक बिषय भएको छ। हालका वर्षहरुमा राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ राजनीतिक शक्तिहरुको उदयले परम्परागत दलहरुमा थप दबाब सिर्जना गरेको देखिएको छ। पुराना दलभित्र नेतृत्व परिवर्तन र सुधारको माग बढेको छ। युवा मतदाता आकर्षितगर्न पार्टीभित्र नयाँ नेतृत्व अगाडि ल्याउने बहस पनि तीव्र भएको छ। तर रास्वपा पनि हालैको पहिलो महाधिवेशनसम्म आइपुग्दा पुरानै रोगले ग्रस्त हुँदैगएको धेरैले अनुभवगर्न थालेका छन्। गत भदौमा दुई दर्जनभन्दा बढी कम्युनिष्ट समूहहरु मिलेर बनेको भनिएको नेपाली कम्युनिष्ट पार्टीमा नेतृत्वको उकुसमुकुस शुरु भैसकेको छ। २६ वटा समूह मिलेर बनेको भनिएपनि गत फागुन २१ गतेको निर्वाचनमा २६ वटा सिट पनि जित्न नसकेपछि फेरी पुराना नेताहरुले नेतृत्व छोड्नुपर्ने बहस चकिएर गएको छ। सो पार्टीभित्र पनि शीर्ष नेताहरुको असीमित शक्तिमोह र पदको तानातानले आन्तरिक कलह बढाएर लगेको देखिएको छ। सो पार्टीका तीन शीर्ष नेता पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनालबीचको शक्ति संघर्ष यतिबेला अन्य पार्टीका लागि पनि उदाहारण बनेको छ।

सो खिचातानीले नेपाली कम्युनिष्ट पार्टीमा विभाजन र कार्यकर्ता पलायनको नयाँ खतरासमेत निम्त्याएको देखिएको छ। गतसातामात्रै सो पार्टीका वरिष्ठ नेता खनालले संयोजक दाहाल र सहसंयोजक माधव नेपालको कार्यशैलीप्रति तीव्र असन्तुष्टि जनाउँदै ३६ बुँदे असन्तुष्टिपत्रनै बुझाउनुभएको छ। जसले सो पार्टीभित्रको आन्तरिक कलह औपचारिकरुपमै छताछुल्ल भएको देखिन्छ। नेता खनालले पत्रमार्फत नेताद्वयको राजीनामाको मागसमेत गरिसक्नुभएको छ। तर हालको अवस्थामा पार्टीको नेतृत्व परिवर्तन गर्नुभनेको पार्टीलाई थप संकटमा धकेल्नु हो। झण्डै ३६ बर्षदेखि पार्टीको नेतृत्वमा निरन्तर रहँदै आउनुभएका पुष्पकमल दाहाल र नेतृत्वकै लागि एमाले बिभाजन गराएर हिँड्नुभएका माधवकुमार नेपालका लागि पछिल्ला घटनाक्रमहरु ज्यादै चुनौतीपूर्ण बनेका छन्। नेपालको कम्युनिष्ट आन्दोलनमा नीति र सिद्धान्तभन्दा बरियता ठूलो बन्ने रोग रहेको छ। सो रोगको संक्रमण नेकपामा पनि दोहोरिएको स्पष्ट छ। पुष्पकमल दाहाल र माधव नेपालको आपसी सेटिङका कारण आफू तेश्रो बरियतामा खुम्चिनु परेकोभन्दै वरिष्ठ नेता रहनुभएका खनालले सार्वजनिकरुपमै आफूलाई खोरमा थुनिएकोजस्तो महशुस भएको बताउनुभएको पाइन्छ। हाल एमालेको अध्यक्ष रहनुभएका केपी ओलीलाई बुटवल महाधिवेशनबाट पराजितगर्दै खनाल एमालेको अध्यक्षमा निर्वाचित हुनुभएको थियो। त्यसैले उहाँमा नेतृत्वको चाहना र घमण्ड रहनुपनि कुनै आश्चर्यको बिषय होइन।

त्यसमा पनि दाहाल, नेपाल, खनाल तीनैजना प्रधानमनित्र भैसकेका ब्यक्तित्व हुनुहुन्छ। त्यसैले उहाँहरुका बीचमा टकरावको अवस्था आउनु पनि स्वाभाबिकै हो। पार्टीको सर्वोच्च पदमा रहँदा राज्यसंयन्त्र र कानूनी निकायहरुमाथि राजनीतिक दबाब सिर्जनागर्न सजिलो हुने भएकाले पनि नेताहरु नेतृत्व हस्तान्तरणगर्न मानिरहेका छैनन्भन्ने कतिपयको बुझाइ रहेको छ। नेता खनालले हालै पार्टीमा बुझाएको आफ्नो असन्तुष्टिपत्रमा भ्रष्टाचार र गम्भीर कानूनी विवादमा पर्नुभएका माधव नेपाललाई कुन नैतिकताका आधारमा सहसंयोजक बनाइयो ? भनी प्रश्नसमेत गर्नुभएको पाइएको छ। पुष्पकमल दाहालमा आफूलाई नेपालको गणतन्त्रको जन्मदाता भएकोभन्ने र माधव नेपाल तथा झलनाथलाई आफूहरु ०४६ सालको राजनीतिक परिवर्तनदेखि हालसम्म काम गरेको अनुभवी **बाँकी ७ पेजमा**

# नेपालमा बढ्दो प्राकृतिक प्रकोप र सावधानी अपनाउने कुरा

**अनुसा थापा**

नेपालमा राजनीतिक मात्र नभएर वातावरणिय असन्तुसलन पनि बढ्दो छ। आकाशमा गड्याङ्गुडुङ् गर्नेबित्तिकै भक्तपुरको राधेराधेस्थित घरधनीहरु त्रसित हुन्छन्। कारण हो-डुबान। गहिरो ठाउँमा भएकाले एकछिन पानी पर्नेबित्तिकै राधेराधे क्षेत्र डुबानमा पर्छ। ०४८-४९ सालसम्म राधेराधेमा एउटा पनि घर थिएन। हिँउदमै डुबानपर्ने जोखिम भएकाले त्यहाँ कसैले घर बनाएका थिएनन्। त्यतिबेला राधेराधेमा रोपनीको ३० हजारमा पनि जग्गा बिक्रि हुँदैनथ्यो। बाह्रै महिना हिलो हुने भएकाले कोही पनि त्यहाँ जग्गा किन्नै चाहँदैनथें। ०६६-६७ सालमा १५ तले भवन निर्माण भयो।

०७४-७५ सालमा भाटभटेनी सुपरमार्केट बन्यो। त्यसपछि त्यहाँ बस्ती बढ्नथाल्यो। भाटभटेनी बनेपछि राधेराधेको जग्गाको भाउ ह्वात्तै बढ्यो। आनाकै ७५ लाखदेखि डेढ करोड रुपैयाँसम्म पुग्यो। जग्गाको भाउ बढेपछि राधेराधेको अधिकांश सरकारी जग्गा व्यक्तिको नाममा लगिएको छ। तर, डुबानको जोखिमभने अझै हटेको छैझन। ०८१ असोज १० देखि १२ गतेसम्म पानी पऱ्यो। राधेराधे क्षेत्र जलमग्न भयो। भाटभटेनीभित्रै पानी पसेको थियो। गत वर्षको असोज १७ देखि १९ सम्म वर्षात भएको थियो। त्यतिबेला पनि राधेराधे डुबानमा पऱ्यो। हुन त यो राधेराधेको हरेक वर्षको कहानी हो। भूमाफियाको जालमा फस्दा राधेराधेका बासिन्दा हरेक वर्ष पीडित बन्छन्। पहिले पहिले डाँडामा घर बनाइन्थ्यो। कारण थियो-डुबानबाट जोगिनु, खेतीयोग्य जमिन बचाउनु। खोला छेउछाउ र गहिरो ठाउँमा खेतीपाती गरिन्थ्यो। खोला छेउछाउ र गहिरो ठाउँमा उब्जनी पनि राम्रो हुन्थ्यो। भूमाफियाले आफू कमाउनका लागि गहिरो ठाउँ, डाँडाकाँडा सबै प्लानिङ्ग गरे र बेचे। सबैतिर घर बन्दा पानी जाने ठाउँ छैन। खोलालाई कुलो बनाइएको छ। खोला मिच्दामिच्दा साँघुरो बनेको छ। जसका कारण पानी पर्दा खोला बस्तीभित्र छिर्छ। जताततै घर र बाटोहुँदा आकाशबाट परेको पानी जाने ठाउँ नै भएन। त्यसैले त एकछिन पानी गर्दा काठमाडौं उपत्यकासहित देशको बिभिन्न ठाउँ डुबानमा परिहाल्छ। पहिले पो खोलानाला ठूला थिए। आकाशबाट परेको पानी जमिनले सोस्थ्यो। अहिले त त्यस्तो छैन। आकाशे पानीको उचित व्यवस्थापन नहुँदा हरेक वर्ष बस्ती डुबानमा पर्छ। खोला, राजकुलो सबै मासियो। खोलामाथि घर ठड्याइएको छ। धोबीखोला उर्लिएर मान्छेको घरभित्र छिर्छ। बिजुलीबजार, अनामनगर, बुद्धनगरका बासिन्दा खोला घरभित्र पस्यो, सरकारले केही गरेनभनेर आक्रोश पोख्छन्। यसमा खोलाको के गल्ती ? खोलाले आफ्नो बहने ठाउँ त लिइहाल्छ। खोलालाई कुलो बनाएपछि पानी पर्दा घरभित्र नछिरेर कहाँ जाओस् ? यसमा खोलाको होइन, मान्छेको गल्ती छ। ०३२ सालसम्म धोबीखोला बगेर घट्टेकुलोसम्म आइपुग्थ्यो भन्नेहरु अहिलेपनि भेटिन्छन्। तर, खोलालाई मिचेर घर बनाइयो। जसको परिणाम छेउछाउका बासिन्दाले भोगिरहेका छन्। खोलाको जमिन मिचेर घर बनाउने अनि खोला घरभित्र छिर्छ भनेर डोजर हाल्ने ? भक्तपुर नगरपालिका १ नम्बरवडा कार्यालयले बस्तीमा पानी छिर्ने भएपछि खोलामा डोजर हालेर गहिरो बनायो। त्यसमा ५५ लाख खर्च भएको बताइन्छ। अहिलेपनि डोजर हाल्न ठीक्क पारिएको छ। भूमाफियासँग मिलेर खोला छेउको सरकारी जग्गा दर्ता गरिदिने अनि जग्गाले तिरेको करले खोलाको माटो निकाल्ने ? यो जनताले तिरेको करको दुरुपयोग होइन ? त्यहाँबाट निकालिएको माटोमा पनि घोटाला भएको जानकारहरु बताउँछन्। सरकारले खोलाको छेउछाउ बनेका संरचना हटाउनुपर्छ।

खोलालाई कुलो बनाउन पाइँदैन। साथै, सेटिङमा व्यक्तिको नाममा लगिएको सरकारी सम्पत्ति खोज्नुपर्छ। खोलाको जमिनमा घर बनाएपछि खोला घरभित्र आउनु स्वाभाविकै हो। गल्तीगर्ने आफूहरु अनि भर्पाइचाँहि जनताले तिरेको करबाट गर्ने ? भूमाफियाहरुले तालपोखरी, आल, राजकुलो सबै स्वाहा पारिदिए। दर्ता गरेर व्यक्तिलाई बेचे। पोखरी मासेर छाँया सेन्टर खडा गरिएको भनेर अदालतमा मुद्धा चलिरहेको छ। बर्खा शुरु भइसक्यो। एकछिन पानी पर्दा काठमाडौं उपत्यकाको बिभिन्न स्थान डुबानमा पर्छ। यो समस्यालाई निराकरणगर्ने एउटा उपाय छ-सरकारी सम्पत्ति खोज्ने। ०२१, ०२८ र ०३२ सालपछि दर्ता भएको जग्गाको सबै लगतकट्टा खारेज गरौं। खोला छेउछाउको सबै संरचना हटाऔं। सरकारले थापाथली किनारको बस्ती हटायो। अब त्यहाँ बाढी आएपनि के मतलब ? राजकुलो, ताल-पोखरी, ढुंगेधारा खोजौं र संरक्षण गरौं। जहाँ,जहाँ सरकारी सम्पत्ति कब्जा भएको छ, त्यो सबै फिर्ता ल्याऔं। ललितपुरको नख्खु खोलामा ०८१ असोजमा बाढी आयो। तीनजना व्यक्ति बाढीमा फसे। उनीहरुले बचाउनका निम्ति सहयोग मागे। उद्धारगर्न नसकेपछि तत्कालीन गृहमन्त्री रमेश लेखकले माफी मागे। सुरक्षाकर्मीले पनि उनीहरुलाई उद्धारगर्न सकेन। एक जना व्यक्तिले आफ्नो ज्यानको बाजी राखेर उनलाई बचाए। यो घटनाबाट सरकारमात्र होइन, जनताले पनि पाठ सिक्नुपर्छ। खोला छेउछाउ जबरजस्तीबस्ने अनि बाढी आएपछि सरकारले जोगाएन भनेर रोइलो गर्ने ? ०६५ मंसिर १ गतेको क्याबिनेट बैठकले खोलाको दायाँबायाँ २० मिटर छोडेर मात्र घर बनाउन दिने निर्णय गऱ्यो। ०८० सालको पुस दुईगतेको सर्वोच्च अदालतको फैसलामा बागमती, मनोहरा र विष्णुमती खोलामा ४० मिटर लागूगरिएको छ। ती खोला किनारबाट ४० मिटर छोडेरमात्र संरचना बनाउन पाइने फैसलामा उल्लेख छ। अन्य खोलाको हकमा २० मिटर नै कायम छ। २०८१ असार ३० गते प्रधानमन्त्री बनेका केपी ओलीले क्याबिनेट बैठकबाट निर्णय गरेर ४० मिटर को फैसलालाई पुनःविचार गर्नका निम्ति महान्यायाधि **बाँकी ७ पेजमा**

# राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनले दिन खोजेको सन्देश

**यो साताको बिशेष**

काठमाडौं । आजबाट चितवनको भरतपुरमा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशन हुँदैछ। सो महाधिवेशनलाई स्वदेश र विदेश दुबै तिरबाट महत्वका साथ हेरिएको छ। महत्व यसमानेमा कि करिव चारबर्ष अघि स्थापना भएको पार्टी प्रथम महाधिवेशन समेत नगर्दै झण्डै बहुमतका साथ नेपालको सत्ता र शक्तिमा पुग्न सफल भएको छ। उसको बिचार र तागत के रहेछ ? यो महाधिवेशनका क्रममा प्रष्ट हुने छ। त्यसैले यो टिप्पणीमा हालसम्म प्राप्त केही बिवरणहरु समाबेश गरिएको छ। यसक्रममा रास्वपाका प्रवक्ता मनिष झाले चितवनको भरतपुरमा आजबाट हुने प्रथम महाधिवेशन स्थलको निरीक्षण गर्नुभएको छ। भरतपुर-१० स्थित गेष्टहाउस चौरमा निर्माण भइरहेको स्थलको उहाँले गत शुक्रबार निरीक्षण गर्नुभएको हो। त्यसक्रममा उहाँले तयारी अन्तिम चरणमा पुगेकोभन्दै केन्द्रीय नेता र प्रतिनिधिहरु आउने क्रम शुरु भएको जानकारी दिनुभयो। उहाँले चितवन रास्वपाको उद्‌गमस्थल भएको भन्दै पार्टीले राजनीतिको आधारस्तम्भका रुपमा लिएको बताउनुभयो। उहाँले चितवन आएपछि मन घण्टीमय र उल्लासयम हुन्छ। रास्वपाको राजधानी नै चितवन हो भन्नुभएको थियो। उहाँले चितवन हरेक सम्भावनाले भरिपूर्ण जिल्ला भएको भन्दै अर्थतन्त्र, पर्यटन र संस्कृतिको धनी जिल्ला भएको उल्लेख गर्नुभएको थियो। देशभरबाट आउने प्रतिनिधि र पाहुनाको स्वागतका लागि तयारी अवस्था रहेको जानकारी दिनुभएको छ। प्रवक्ता झाले उद्‌घाटनसत्रमा १० हजार बढीको सहभागिता रहने जानकारी दिनुभएको छ।

**रास्वपाको उद्‌गमस्थल :** रास्वपाले चितवनलाई आफ्नो उद्‌गम थलोका रुपमा मान्दैआएको छ। सो पार्टीका केन्द्र र जिल्ला तहका नेताले चितवनलाई उद्‌गम थलोकारुपमा मान्दै आएका छन्। सो पार्टीका सभापति रवि लामिछाने तीनपटक चितवन जिल्लाबाट भारी मतका साथ निर्वाचितहुँदै आउनुभएको छ। पार्टीका संस्थापक सभापति लामिछानेको चितवन गृहजिल्लाभने होइन। तर निर्वाचनका हिसाबले सभापति लामिछानेमात्र नभई चितवन रास्वपाकै आधार क्षेत्र बनेको छ। प्रवासमा रहेर पनि नेपालमा हुने रास्वपाका हरेक गतिविधिमा प्रत्यक्ष सहभागी हुँदै आउनुभएका चितवन निवासी कृष्ण रेग्मी रास्वपाको उद्‌गम थलोका रुपमा चितवनलाई नै मान्नुहुन्छ। रेग्मीले घटना विशेषका कारण हिरासतमा बस्दैगर्दा चितवनवासीले सभापति लामिछानेप्रति देखाएको सहानुभूति उहाँका लागि प्रेरणाको श्रोत बनेको बताउनुभयो। आफ्नो पक्षमा सिंगो चितवनवासी सडकमा निस्किएको घटनालाई सभापति लामिछाने बिर्सन सक्नुभएन। हिरासतमुक्त भएपछि उर्लिएको जनसागरलाई नारायणी नदी किनारमा सम्बोधन गर्नुभएको र चितवनवासीले अपार माया गर्नुभएको घटनाले पार्टी सभापति लामिछाने चितवनमा जोडिन सहयोग पुगेको रेग्मीको भनाइ छ। उहाँमाथि लागेको अभियोगको घटनामा निर्दोष सावित भएपछि प्रतिनिधिसभाको सदस्य पदमा अत्यधिक मतसहित विजयी हुनुभएका नेता लामिछानेप्रति चितवनवासीको सहानुभूति बढको घटनाक्रमबाट प्रमाणित हुन्छ। चितवनवासीको यही प्रेमभावलाई सँगालेर सभापति लामिछाने जिल्लाको निर्वाचन क्षेत्र नं २ बाट अत्यधिक मतकासाथ लगातार तीनपटक विजयी हुनुभएको छ। सभापति लामिछानेले विसं २०७९ मा सम्पन्न संसदीय निर्वाचनमा ४९ हजार २६१ मत प्राप्तगर्दा उहाँका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका उमेश श्रेष्ठले १५ हजार ९९ मत प्राप्त गर्नुभएको थियो। श्रेष्ठ तत्कालीन माओवादी केन्द्र र नेकपा (समाजवादी) सहितका



गठबन्धनकोतर्फबाट उम्मेदवार हुनुहुन्थ्यो। सभापति लामिछानेको सांसद पद निलम्बन भएर रिक्त रहेको उक्त क्षेत्रमा ०८० सालमा सम्पन्न उपनिर्वाचनमा पनि सभापति लामिछानेले मत वृद्धिगरी विजयी हुनुभयो। लामिछाने ५४ हजार २७६ मत ल्याएर विजयी हुँदैगर्दा निकटतम् प्रतिश्पर्धी कांग्रेसका युवानेता जीतनारायण श्रेष्ठले जम्मा ११ हजार २५१ मतमात्रै पाउनुभएको थियो। त्यसैगरी, २०८२ सालमा भएको संसदीय निर्वाचनमा सभापति लामिछाने अघिल्ला दुई निर्वाचनमा भन्दा अझ बढी मत ल्याएर निर्वाचित हुन सफल हुनुभएको थियो। उहाँ ५४ हजार ४०२ मत ल्याएर विजयी हुनुभयो भने उहाँका निकटतम् प्रतिद्वन्दी नेपाली कांग्रेसकी मीना खरेल जम्मा १४ हजार ५६४ मतमा सीमित हुनुभयो। चितवनका जनताले सभापति लामिछानेलाई लगातार दिएको यो मतले पनि चितवनलाई रास्वपाको आधार क्षेत्रका रुपमा स्वीकार गर्नुपर्ने भनाइ जिल्लास्थित नेताहरुको छ। रास्वपा चितवनका सभापति मिनिमाधव खनाल चितवनवासीको अपार मायापछि लामिछानेले पार्टी खोलेर राजनीतिमा होमिनुभएको बताउँनुहुन्छ। उहाँले सभापतिज्यूले यहाँ पाउनुभएको मत र उहाँप्रति दर्शाइएको सद्भाव र मायाले पनि पार्टीको उद्‌गम थलो चितवनलाई नै मान्नुपर्ने हुन्छ भन्नुभयो। पार्टी स्थापनाकालदेखि नै जिल्लामा नेतृत्वगर्दै आउनुभएका निवर्तमान जिल्ला सभापति कृष्णप्रसाद भुषाल पनि लामिछानेले मिडियामा रहेर राज्यले गर्न नसकेको काम गरिरहेको अवस्थामा पार्टी स्थापना गरेर आफ्नो निर्वाचन क्षेत्र चितवन रोज्नुभएको बताउनुहुन्छ। सबै हिसाबले रास्वपा चितवनमा बलियो भएको उहाँको भनाइ छ। पहिलो निर्वाचनमा भारी मतकासाथ दुई क्षेत्र जितेको रास्वपाले अहिलेको निर्वाचनमा तीनवटै क्षेत्र जित्न सफल हुनुले पार्टीको उद्‌गमस्थल चितवन नै होभन्ने तर्क उहाँले राख्नुभयो। रास्वपाका केन्द्रीय सदस्य राजन गौतम तदर्थ समिति रहेको पार्टीले निर्वाचन जितेर दुईतिहाइ नजिक पुगेको यो विरलै घटना भएको बताउनुहुन्छ। निर्वाचन प्रचारप्रसारका क्रममा गत फागुन १५ गतेका दिन पार्टी सभापति लामिछाने र वरिष्ठ नेता वालेन्द्र शाहले सम्बोधन गर्नुभएको 'स्टेज'मा उभिएर पहिलो महाधिवेशन उद्घाटन गर्न लागिएको उहाँले जानकारी दिनुभयो। नेता गौतमले पृष्ठभूमि र घटनालाई केलाउँदै जाँदा रास्वपाको उद्‌गमथलो चितवन नै हो भन्नुभयो। गएको निर्वाचनमा सभापति लामिछानेको चुनावी कमाण्डर रहेर भूमिका खेल्नुभएका गौतम सभापति लामिछानेको तीनवटा निर्वाचनमा पाएको मतको उकालो लाग्दो ग्राफले पनि चितवनलाई रास्वपाको आधाभूमिकारुपमा देखाएको बताउनुहुन्छ। ०७९ असार ७ गते स्थापना भएको रास्वापाको आज असार ७ गतेकै दिन चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन शुरु हुँदैछ। तीनदिने महाधिवेशनमा देशभरबाट करिब तीनहजार प्रतिनिधिसहित निर्वाचन पर्यवेक्षक, पार्टीका शुभचिन्तक र नेता तथा कार्यकताको उल्लेख्य उपस्थिति हुने रास्वपाले जनाएको छ। प्रतिनिधिसभामा दुईतिहाइ नजिक बहुमत सदस्य रहेको रास्वपाको प्रथम ऐतिहासिक महाधिवेशनलाई राजनीतिक बृत्तमा बडो महत्वका साथ हेरिएको छ।

**उच्च सुरक्षा :** आज असार ७ गतेदेखि ९ गतेसम्म चितवनको भरतपुरमा आयोजना हुनलागेको रास्वपा को प्रथम महाधिवेशनलाई लक्षितगरी चितवनमा सुरक्षा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएको छ। महाधिवेशनमा प्रधानमन्त्री, मन्त्रीहरु, सांसद, उच्चपदस्थ व्यक्तित्व तथा विदेशी पाहुनाको समेत सहभागिता रहने भएकाले सुरक्षा तयारीलाई उच्च प्राथमिकतामा राखिएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताउनुभयो। महाधिवेशनलाई लक्षितगरी चारवटै सुरक्षा निकाय समन्वयात्मक रुपमा तयार भएको सुरक्षा योजना कार्यान्वयन गरिने जानकारी दिनुभयो। उहाँका अनुसार महाधिवेशन अवधिभर कुनै पनि सुरक्षा चुनौती उत्पन्न हुन नदिन रणनीतिक सुरक्षा योजना तयार पारिएको छ। प्रजिअ अर्यालले महाधिवेशनलाई केन्द्रित गरेर विस्तृत सुरक्षा योजना बनाएका छौँ। आवश्यक परे अन्य जिल्लाबाट थप सुरक्षाकर्मी मगाएर भए पनि सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइनेछ भन्नुभएको छ। महाधिवेशनस्थलको निरन्तर अनुगमन र निरीक्षणसमेत गरिरहेको उहाँले बताउनुभयो। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर पौडेलले महाधिवेशनको सुरक्षाका लागि एकहजार ८७ जनपद प्रहरी परिचालन गरिने बताउनुभयो। उहाँकाअनुसार खुला सत्र र बन्द सत्रका लागि छुट्टाछुट्टै सुरक्षा रणनीति अपनाइएको छ। प्रहरी उपरीक्षक पौडेलले सुरक्षाका लागि एक हजार ८७ जनपद प्रहरी परिचालन गरिनेछ भने ट्राफिक व्यवस्थापनका लागि १६५ ट्राफिक प्रहरी खटाइने छन्। सुरक्षाका दृष्टिकोणले कुनै कमजोरी हुननदिने गरी सम्पूर्ण सुरक्षा संयन्त्र परिचालन हुनेछन भन्नुभयो। महाधिवेशन अवधिमा ठूलो सङ्ख्यामा सहभागी तथा सवारीसाधनको चाप बढ्ने भएकाले ट्राफिक व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको छ। पार्टीले सकेसम्म कम सवारीसाधन प्रयोग गरेर आउन अनुरोध गरेको छ। रास्वपाका केन्द्रीय सचिवालय सदस्य दीपक बोहराले महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, तथा शुभेच्छुकहरुको ठूलो उपस्थिति रहने भएकाले ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्न सक्ने बताउनुभयो। उहाँले प्रतिनिधि र सहभागीलाई सकेसम्म सीमित सवारीसाधन प्रयोग गरेर आउन अनुरोध गरेका छौँ भन्नुभयो। यसअघि रत्ननगरको टाँडी क्षेत्रमा आयोजनागर्ने तयारी गरिएको महाधिवेशन अन्ततः भरतपुरमा सारिएको हो। रास्वपा चितवनका सभापति मिनिमाधव खनालका अनुसार अध्यधिक गर्मी, वर्षा तथा सुरक्षा व्यवस्थापनलाई मध्यनजर गर्दै कार्यक्रमस्थल परिवर्तन गरिएको हो। उहाँले यति ठूलो राष्ट्रिय कार्यक्रमको आयोजक बन्न पाउनु चितवनका लागि गौरवको विषय हो। सहभागीलाई घाम र वर्षाबाट सुरक्षित राख्न आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनका काम भइरहेका छन् भन्नुभयो। महाधिवेशनको सुरक्षाका लागि सुरक्षाकर्मीसँगै पार्टीका नेता कार्यकर्तासमेत खटिने सभापति खनालले जानकारी दिनुभयो। उहाँका अनुसार बन्दसत्रमा करिब तीन हजार




५०० देखि चार हजार प्रतिनिधि सहभागी हुने अपेक्षा गरिएको छ। खुला सत्रमाभने ४० हजारदेखि ५० हजारसम्म उपस्थित हुनसक्ने अनुमान गरिएको उहाँले बताउनुभयो। महाधिवेशनमा सवारीसाधन व्यवस्थापनका लागि पूर्वी क्षेत्रबाट आउनेलाई केन्द्रीय बस टर्मिनल क्षेत्रमा पार्किङको व्यवस्था मिलाइएको छ। पश्चिम र काठमाडौं क्षेत्रबाट आउने सवारीसाधनलाई विशाल चोक नजिकै रहेको वीरेन्द्र क्याम्पसको खुला चौरमा व्यवस्थापन गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

**आधार क्षेत्र प्रमाणित :** रास्वपा ले चितवन जिल्लालाई आफ्नो मुख्य उद्‌गमथलो मात्र नभई बलियो राजनीतिक आधार क्षेत्रकारुपमा स्थापित गरेको छ। ०७९ असार ७ गते स्थापना भएको रास्वपाले आफ्नो स्थापनाको चौथोवर्ष प्रवेशकै दिन अर्थात् आज असार ७ गतेदेखि चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन शुरुगर्दैछ। प्रतिनिधिसभामा दुईतिहाइ नजिक बहुमत सदस्य रहेको यस पार्टीको तीनदिने महाधिवेशनमा देशभरबाट करिब तीन हजार प्रतिनिधि, निर्वाचन पर्यवेक्षक, शुभचिन्तक र नेता-कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति हुने भएकाले यसलाई राजनीतिक वृत्तमा निकै महत्वका साथ हेरिएको छ। पार्टीका केन्द्र तथा जिल्ला तहका नेताहरुले चितवनलाई उद्‌गम थलो मान्नुका पछाडि पार्टी सभापति रवि लामिछानेले यहाँबाट प्राप्त गरेको निरन्तर र अपार जनसमर्थन मुख्य कारण रहेको छ। सभापति लामिछानेको गृहजिल्ला चितवन नभए पनि चुनावी राजनीतिका हिसाबले यो क्षेत्र रास्वपाको अभेद्य गढ बनेको छ। विगतमा एक घटना विशेषका कारण हिरासतमा रहँदा सिंगो चितवनवासीले देखाएको सहानुभूति र नारायणी नदी किनारमा उर्लिएको जनसागर नै लामिछानेका लागि राजनीतिमा होमिने र चितवनसँग जोडिने मुख्य प्रेरणाको श्रोत बनेको स्थानीय नेताहरुको भनाइ छ। चितवनवासीको यही प्रेमका कारण सभापति लामिछाने निर्वाचन क्षेत्र नं. २ बाट लगातार तीनपटक भारी मतका साथ विजयी भइसकेका छन्। ०७९ को आमनिर्वाचनमा लामिछानेले ४९ हजार २६१ मत ल्याएर तत्कालीन सत्ता गठबन्धनका उम्मेदवार उमेश श्रेष्ठलाई पराजित गरेका थिए। पछि सांसद पद निलम्बन भई रिक्त भएको सोही क्षेत्रमा ०८० सालमा भएको उपनिर्वाचनमा उनले मत वृद्धिगर्दै ५४ हजार २७६ मत ल्याएर कांग्रेसका जीतनारायण श्रेष्ठलाई भारी मतान्तरले पराजित गरेका थिए। त्यसैगरी गत फागुन २१ मा सम्पन्न संसदीय निर्वाचनमा सभापति लामिछानेले अघिल्ला दुवै रेकर्ड तोड्दै ५४ हजार ४०२ मत प्राप्त गरेभने उनकी निकटतम् प्रतिद्वन्द्वी कांग्रेसकी मीना खरेल १४ हजार ५६४ मतमा सीमित भइन्। निर्वाचनपिच्छे उकालो लाग्दैगएको मतको यो ग्राफले चितवन रास्वपाको आधारभूमि भएको पुष्टिगर्ने नेताहरुको तर्क छ। रास्वपा चितवनका सभापति मिनिमाधव खनाल र निवर्तमान जिल्ला सभापति कृष्णप्रसाद भुषालकाअनुसार चितवनवासीले दर्शाएको अपार मायाकै कारण लामिछानेले राजनीति रोजेका हुन्। पहिलो निर्वाचनमा जिल्लाका दुईवटा क्षेत्र जितेको रास्वपाले पछिल्लो निर्वाचनमा जिल्लाका तीनवटै क्षेत्र क्लिन स्विपगर्न सफल हुनुले पनि चितवन नै पार्टीको उद्‌गमस्थल भएको बलियो प्रमाण दिन्छ। रास्वपाका केन्द्रीय सदस्य एवं सभापति लामिछानेका चुनावी कमाण्डर राजन गौतमका अनुसार तदर्थ समितिबाट शुरुभएको पार्टीले छोटो समयमै निर्वाचन जितेर दुईतिहाइ नजिक पुग्नु विश्व राजनीतिमै एक विरलै घटना हो। गत फागुन १५ गते चुनावी प्रचारका क्रममा पार्टी सभापति लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहले सम्बोधन गरेको विशेष मञ्च (स्टेज) मै उभिएर रास्वपाले आफ्नो पहिलो ऐतिहासिक महाधिवेशनको उद्घाटनगर्न लागेको छ।

**भरिभराउ होटल :** रास्वपाको पहिलो महाधिवेशनको मिति नजिकिँदै जाँदा चितवनको भरतपुरमा चहलपहल बढेको छ। आज असार ७ देखि ९ गतेसम्म भरतपुरमा आयोजना हुने महाधिवेशनका लागि पार्टीका नेता, कार्यकर्ता, प्रतिनिधि, पर्यवेक्षक तथा शुभेच्छुकहरु गत पाँचगते देखिनै चितवन पुग्न शुरुभएको छ। रास्वपाका केन्द्रीय सचिवालय सदस्य दीपकराज बोहराकाअनुसार प्रतिनिधि तथा सहभागीहरु आउनेक्रम आज असार ७ गते बिहानसम्म जारी रहनेछ। चितवनको गर्मीलाई ध्यानमा राख्दै सहभागीहरुलाई आवश्यक तयारीगर्न सर्कुलर जारी गरिएको उहाँको भनाइ छ। महाधिवेशन अवधिमा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण हुनसक्ने भएकाले सकेसम्म कम सवारीसाधन प्रयोगगर्न आग्रह गरिएको छ। सामाजिक सञ्जालमार्फत पनि सहभागीहरुलाई पिउने पानी, छाता तथा हल्का कपडा साथमा ल्याउन सुझाव दिइएको छ। महाधिवेशनमा तीन हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने र अन्य शुभेच्छुक तथा कार्यकर्तासमेत आउने भएकाले उहाँको भनाइ छ। रास्वपाका केन्द्रीय सदस्य तथा आवास एवं भोजन व्यवस्थापन संयोजक राजन गौतमले जिल्ला-जिल्लाबाट नेता तथा कार्यकर्ताहरु चितवन आउनेक्रम जारी रहेको बताउनुभयो। उहाँकाअनुसार चितवनका होटल तथा आवास व्यवसायीसँग समन्वय गरी सुलभ दररेट कायम गरिएको छ र त्यससम्बन्धी जानकारी सहभागीहरुलाई उपलब्ध गराइएको छ। **बाँकी ८ पेजमा**

# सुकुम्बासी समस्याको समाधानमा सरकारले लिएको गलत नीति

विवेक शर्मा

सुकुम्बासी समस्याको समाधानमा बर्तमान सरकारले लिएको गलत नीतिका कारण एकातिर फेरी राजनीतिक कलह बढ्ने देखिएको छभने अर्कातिर उक्त समस्या फेरी बल्झने अवस्था सिर्जना भएको छ। सरकारले काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा डोजर चलाएर विस्थापित पारेका सुकुम्बासीहरुले उचित व्यवस्थापनको निम्ति दिएको एक साताको अल्टिमेटम प्रायः समाप्त भएको छ। उनीहरुले एक साताभित्र सम्मानजनक भूस्वामित्वसहित पुनर्वास र उचित क्षतिपूर्ति नदिए घरटहरा भत्काइएका पुरानै ठाउँमा फर्किने चेतावनी समेत दिइसकेका छन्। कीर्तिपुर होल्डिङ सेन्टरमा आश्रित सुकुम्बासीहरुले प्रधानमन्त्री, गृहमन्त्री लगायतका होल्डिङ सेन्टरको अनुगमनमा खटिएका सांसदहरुका ज्ञापनपत्र नै जारीगरेको पाइएको छ। उनीहरुले ततकालै सम्मानजनक भूस्वामित्वसहित पुनर्वास, उचित क्षतिपूर्ति, बसोबासको अधिकार तथा जीवनयापनको सुनिश्चित व्यवस्थाबारे ठोस निर्णयगरी कार्यान्वयन प्रक्रिया अघिनबढाए आआफ्नो घरटहरा भत्काइएको काठमाडौंको थापाथली लगायतका जतिपनि भत्काइएका स्थानहरु छन्, त्यहाँ पुनः फर्किने र सिंहदरबार घेराउगर्ने लगायतका कार्यक्रम तयगरेको देखिएको छ। सुमुम्बासीहरुको सवालमा सत्तारुढ रास्वपा बाहेकका संसदमा रहेका अन्य पाँचवटा पार्टीमात्र नभएर निर्वाचन आयोगमा दर्ता भएका अधिकांश पार्टीहरु एकजुट भएको देखिएको छ। खासमा सुकुम्बासी कुनै अपराधी होइनन्। यसै देशका नागरिक हुन्।

एक साताभित्र सम्मानजनक भूस्वामित्वसहित पुनर्वास र उचित क्षतिपूर्ति नदिए घरटहरा भत्काइएका पुरानै ठाउँमा फर्किने चेतावनी समेत दिइसकेका छन्। कीर्तिपुर होल्डिङ सेन्टरमा आश्रित सुकुम्बासीहरुले प्रधानमन्त्री, गृहमन्त्री लगायतका होल्डिङ सेन्टरको अनुगमनमा खटिएका सांसदहरुका ज्ञापनपत्र नै जारीगरेको पाइएको छ। उनीहरुले ततकालै सम्मानजनक भूस्वामित्वसहित पुनर्वास, उचित क्षतिपूर्ति, बसोबासको अधिकार तथा जीवनयापनको सुनिश्चित व्यवस्थाबारे ठोस निर्णयगरी कार्यान्वयन प्रक्रिया अघिनबढाए आआफ्नो घरटहरा भत्काइएको काठमाडौंको थापाथली लगायतका जतिपनि भत्काइएका स्थानहरु छन्, त्यहाँ पुनः फर्किने र सिंहदरबार घेराउगर्ने लगायतका कार्यक्रम तयगरेको देखिएको छ। सुमुम्बासीहरुको सवालमा सत्तारुढ रास्वपा बाहेकका संसदमा रहेका अन्य पाँचवटा पार्टीमात्र नभएर निर्वाचन आयोगमा दर्ता भएका अधिकांश पार्टीहरु एकजुट भएको देखिएको छ। खासमा सुकुम्बासी कुनै अपराधी होइनन्। यसै देशका नागरिक हुन्।

राज्यले उनीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक र मानवअधिकारको ग्यारेन्टी गरेको हुनु पर्दछ। यदि राज्यले आफ्नो दायित्व पूरागर्न नसकेको खण्डमा उनीहरु आफ्नो पुरानै स्थानमा फर्कनु कुनै आश्चर्यको बिषय होइन।

उनीहरुले हालै जारीगरेको एक पत्रमा उत्पन्न हुनसक्ने कुनै पनि मानवीय, सामाजिक, स्वास्थ्य, सुरक्षा वा कानूनी जटिलताको सम्पूर्ण जिम्मेवारी नेपाल सरकार, काठमाडौं महानगरपालिका तथा सम्बन्धित निकायहरुलेनै वहन गर्नुपर्ने पनि भनिसकेका छन्। हालैं सार्बजनिक बिभिन्न बिवरण अनुसार काठमाडौं उपत्यकाका शहरी सुकुम्बासी बस्तीमा बसोबासगर्ने अधिकांश महिलाले गर्भावस्थाको प्रारम्भिक स्वास्थ्य सेवा लिए पनि मातृ स्वास्थ्य सेवाको पूर्ण चक्र पूरागर्नेको संख्या न्यून पाइएको छ। त्रिभुवन विश्वबिद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभागले हालै गरेको एक अध्ययन अनुसार ९२.२ प्रतिशत महिलाले कम्तीमा एकपटक गर्भपूर्व जाँच सेवा लिएका थिए। तर सुत्केरी भएपछिको सेवासहित मातृ स्वास्थ्य सेवाका सबै चरण पूरागर्ने महिलाको अनुपात ७१.७ प्रतिशत मात्र रहेको पाइएको छ। जसको अर्थ २८.३ प्रतिशत महिलाले स्वास्थ्य सेवाको पूर्णचक्र पूरागर्न पाएका छैनन्। कीर्तिपुरमा गतसाता आयोजित प्रतिवेदन सार्वजनिक कार्यक्रममा अनुसन्धानकर्ताहरुले गर्भावस्थाको शुरुमा स्वास्थ्य संस्थामा जाँच गराउन गएपनि बच्चा जन्मिसकेपछि स्वास्थ्य जाँचका लागि जाने महिलाको संख्या कम रहेको बताउनुभएको थियो। अस्थिर आय, अनौपचारिक रोजगारी, असुरक्षित आवास र सीमित आर्थिक श्रोतका कारण महिलाहरुले एएनसी र पीएनसी सेवा पूर्णरुपमा लिन नसकेका हुन्। उक्त अध्ययनको निष्कर्षमा यस प्रकारका स्वास्थ्य सेवा निःशुल्क भए पनि औषधि, निदान परीक्षण, यातायात खर्च र दैनिक ज्याला गुम्ने डरले महिलाहरु आफू तथा बच्चाको स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्था नजाने गरेको देखियो भनिएको छ। त्रिभुवन विश्वबिद्यालय अनुसन्धान निर्देशनालयको सहयोगमा गरिएको सो अध्ययन थापाथली, बल्खु, मनोहरा र गोदावरी लगायतका तत्कालीन सुकुम्बासी बस्तीहरुमा केन्द्रित थियो। मिश्रित अनुसन्धान विधिमा आधारित उक्त अध्ययनमा १५ु-४९ वर्ष उमेर समूहका २८३ विवाहित महिलालाई समावेश गरिएको थियो। अध्ययनका लागि ५८० घरपरिवारको नमूना छनोट गरिएको भएपनि अन्तिम विश्लेषणमा पछिल्लो दुईवर्षभित्र कम्तीमा एक जीवित सन्तान जन्माएका २८३ महिलाको तथ्यांक प्रयोग गरिएको थियो। अध्ययनले शिक्षा, आर्थिक अवस्था, जातीय पहिचान तथा भौगोलिक अवस्थितिलाई मातृ स्वास्थ्य सेवा उपयोगका प्रमुख निर्धारकका रुपमा देखाएको छ।

माध्यमिक वा सोभन्दा माथिको शिक्षा हाशिल गरेका महिलाले मातृ स्वास्थ्य सेवाको सम्पूर्ण चक्र पूरागर्ने सम्भावना बढी रहेको पाइएको छ। त्यस्तै, दलित समुदायका महिलामा एएनसी र दक्ष प्रसूति सेवाको उपयोग तुलनात्मक रुपमा कम रहेको सो अध्ययनले औँल्याएको छ। सो अध्ययनले सुकुम्बासी बस्ती लक्षित नीतिको अभाव, अप्रत्यक्ष खर्च, सेवाको गुणस्तर अनुगमनमा कमजोरी तथा शहरी सन्दर्भ अनुकूल कार्यक्रमको अभावलाई मुख्य चुनौतीका रुपमा पहिचान गरेको छ। यस समस्या समाधानका लागि लक्षित नगद सहायता, समुदायमा आधारित स्वास्थ्य पहुँच विस्तार, सेवाको गुणस्तर सुधार तथा शहरी स्वास्थ्य संस्थाको सुदृढीकरण आवश्यक रहेको सुझाव दिइएको छ। अनुसन्धानकर्ताहरुका अनुसार मातृ स्वास्थ्य सेवामा पहुँचभन्दा पनि सेवाको निरन्तरता सुनिश्चितगर्नु अहिलेको प्रमुख चुनौती हो। अध्ययनले यसतर्फ प्रभावकारी नीति र कार्यान्वयन नभए शहरी सुकुम्बासी बस्तीका महिलाहरु स्वास्थ्य सेवाबाट वञ्चित हुने जोखिम कायमै रहनेछ। यसले दिगो विकास लक्ष्य प्राप्तिमासमेत असर पर्नसक्ने निष्कर्ष निकालेको छ। अनुसन्धान कर्ताहरुले प्रतिवेदन कार्यान्वयनका लागि सरकारी निकायलाई दबाब दिनुपर्नेमा जोड दिनुभएको छ। त्यसक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता यशोदा अर्यालले सरकारले प्रतिवेदनले औँल्याएका मुख्य समस्यालाई गम्भीररुपमा लिने र मातृशिशु स्वास्थ्य सुधारका लागि ठोस कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

यसरी सुकुम्बासीहरुले न्युनतम स्वास्थ्य सुबिधा समेत उपभोगगर्न नपाएको स्पष्ट भएको छ। केन्द्र सरकार तथा काठमाडौं महानगर पालिकाद्वारा थापाथली, गैरीगाउँ, शान्तिनगर, जडिबुटीलगायत काठमाडौं उपत्यकाका विभिन्न स्थानमा गरिएको सुकुम्बासी बस्ती हटाउने कार्यबाट हजारौं भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारहरु विस्थापित भएका छन्। वैकल्पिक व्यवस्था, कानूनी प्रक्रिया र क्षतिपूर्तिबिना गरिएको उक्त कार्यले उनीहरुको जीवन, जीविकोपार्जन तथा मानवअधिकारमा गम्भीर क्षति पुऱ्याएको देखिएको छ। भूमिसम्बन्धी आठौं संशोधन ऐन-०७६ को दफा ५२ ग ले विगत १० वर्षदेखि आमोत कमोत गरिएको जग्गामा फिल्ड बुकमा वन जनिएको भएपनि आमोत कमोत गर्नेकै हकभोग कायमगर्ने व्यवस्था छ। तर भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी हरुलाई अन्यायपूर्ण वैकल्पिक व्यवस्थापनबिना बेघर बनाइएको अवस्था छ। उनीहरुले आफूहरुलार्य केवल आवास होइन, कानून बमोजिम भू-स्वामित्व सहितको अधिकार चाहिने दाबि समेत गर्दैआएका छन्। जसलेगर्दा उनीहरु सरकारसँग कानूनी लडाइँमा समेत रहेको स्पष्ट गरेको छ। उनीहरुले आपःहरुलाई अस्थायी आश्रय होइन, स्थायी भू-स्वामित्व चाहिन्छ। विस्थापनक्रममा हाम्रो घरटहरामात्र नभई हाम्रो सम्पूर्ण जीवन, रोजगारी, पशुपालन, साना व्यवसाय तथा बालबालिकाको शिक्षा पनि खोसिएको छ। यसरी राज्य संयन्त्रबाट गरिएको उठिबासले हामीलाई थप गरिबी, असुरक्षा र मानसिक पीडामा पुऱ्याएको छभनेका छन्। उनीहरुले हाल आफूहरु होल्डिङ सेन्टरमा अत्यन्त असुरक्षित, असहज तथा अमानवीय अवस्थामा बस्न बाध्यपारिएको कुरा समेत सार्बजनिक गरेका छन्। सरकारले भत्काइदिएका घरहरुमा सुकुम्बासीका तीन-चार पुस्तासम्म बसोबास गर्दैआएका अवस्था थियो। तर सरकारका कारण उनीहरुको परिवार तितरबितर भएको देखिएको छ। होल्डिङ सेन्टरहरुमा सुरक्षित बासस्थान, पर्याप्त गोपनीयता तथा सम्मानजनक जीवनयापनको वातावरण छैन। जसले उनीहरुलाई दिनानुदिन मानसिक रोगले सताउँदै लगेको देखिएको छ। त्यहाँ रहेकामध्ये धेरैजना सुगर, उच्च रक्तचाप, दम, मुटु तथा फोक्सोसम्बन्धी दीर्घरोगबाट पीडित छन्। तर सरकारले आवश्यक स्वास्थ्य सेवा, औषधोपचार र पोषणयुक्त खानाको व्यवस्था गरेको छैन। बिहानबेलुका दुई छाक खानाबाहेक खाजा तथा बिरामीका लागि आवश्यक आहारको समेत ब्यवस्था गरिएको छैन।

स्वच्छ शौचालय, पर्याप्त स्वास्थ्य सुविधा र सुरक्षित आवासीय वातावरण नहुँदा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीहरु विशेष रुपमा प्रभावित भएका छन्। त्यहाँ शुरुमा एक महिनासम्म राधा स्वामी सतसंगले बिहान चिया-बिष्कुट, खाना, दिउँसो चिया-खाजा र बेलुकी, साँझ खाना खुवाउने गरेको थियो। तर पछिल्लो समय काठमाडौं महानगरपालिकाले एक महिनादेखि खाना खुवाउन थालेपछि बिहान-बेलुकी दालभातमात्रै दिनेगरेको थियो। गरिब, दुःखी सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुको मानवअधिकार छैन ? यदि उनीहरुको पनि मानवअधिकार छभने उनीहरुमाथि यति धेरै अमानवीय क्रूर **बाँकी ४ पेजमा**

# बिद्युतीय सवारीसाधन फुकुवा बिवादमा

काठमाडौं। सरकारले गत केही दिनअघि मुस्ताङमा पक्राउ गरेका बिद्युतीय सवारीसाधन फुकुवा गरेपछि फेरी बिवाद शुरुभएको छ। मुस्ताङमा दुई सातादेखि सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका बिवाइडी कम्पनीको चाइनिज बिद्युतीय सवारी साधनलाई गतसाता फुकुवा गरिएको छ। उक्त सवारी साधन एकाएक किन नियन्त्रणमा लिइयो र किन छाडियो भन्नेबारे संसदमै बिवाद भएको छ। सशस्त्र प्रहरी बल नेपालले जोमसोम र कोरलानाकामा नियन्त्रणमा लिइएका ती सवारीसाधन फुकुवा गरेको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म जोमसोमले जनाएको छ। मुस्ताङको उत्तरी कोरलानाकाहुँदै गत जेठको दोश्रो र तेश्रो हप्तामा बिवाइडी कम्पनीका ७७५ बिद्युतीय सवारी साधनहरु नेपाल भित्रिएका थिए। तीमध्ये ६४९ बिद्युतीय सवारीको मुस्ताङ भन्सार कार्यालय नेचुङले भन्सार जाँचपास गरेको थियो। कोरला नाकाबाट यसरी भित्रिएका ती बिद्युतीय सवारीसाधनको पैठारी प्रक्रियामा कैफियत हुनसक्ने आशङ्कामा सशस्त्र प्रहरी बलले उक्त सवारीसाधन नियन्त्रणमा लिएको थियो। कोरलानाकाबाट ती सबै बिद्युतीय सवारीसाधनलाई साइमन ईंकले खरिदगरी नेपाल भित्र्याएको थियो। ती सवारीसाधनको कैफियत रहे /नरहेको यकिनगर्न अर्थ मन्त्रालयले भन्सार विभाग, नीति तथा सञ्चालन महाशाखाअन्तर्गतको मूल्यांकन शाखा प्रमुख रहेका निर्देशक भुपालराज शाक्यको संयोजकत्वमा तीन सदस्य छानबिन समिति गठन गरेको थियो। सरकारद्वारा गठित छानबिन समितिको टोलीले गत जेठ २१ मा कास्की, पर्वत र मुस्ताङको जोमसोम र कोरलानाकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका बिद्युतीय सवारीसाधनको स्थलगत अनुमगनगरी अनुसन्धान शुरु गरेको थियो। उक्त समितिको प्रारम्भिक प्रतिवेदनअनुसार कोरलानाकाबाट नेपाल भित्रिएका बिद्युतीय सवारीसाधनमा कैफियत फेला नपरेको प्रारम्भिक निष्कर्ष निकालेको जनाइएको छ। यसअघि सशस्त्र प्रहरी बल नेपालले गत दुई सातादेखि कास्कीको हेमजामा ९८ र पर्वतको कुश्मा १७ बिद्युतीय सवारीसाधन नियन्त्रणमा लिएको थियो। त्यसैगरी मुस्ताङको कोरलानाकाबाट लोमान्थाङहुँदै जोमसोम झारिएका २६६ र कोरलानाकामा ३९४ बिद्युतीय सवारी साधनलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो। सशस्त्र प्रहरीद्वारा नियन्त्रणमा लिएका ती साधनलाई आइतबार साँझ सम्बन्धित पक्षको जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभएको छ। सशस्त्र प्रहरी बल नेपालको केन्द्रीय निर्देशनअनुसार नियन्त्रणमा लिइएका सबै बिद्युतीय सवारीसाधन आइतबार साँझदेखि फुकुवा गरिएको उहाँले बताउनुभयो। कैफियतको आशंकामा कोरलानाकाबाट नेपाल भित्रिएका बिद्युतीय सवारीसाधन दुई सातासम्म सशस्त्र प्रहरीको नियन्त्रणमा रहेको थियो। कैफियत फेला नपरेपछि जोमसोम र कोरलानाकामा नियन्त्रणमा ती सवारी साधनलाई फुकुवा भएसँगै गन्तव्यतर्फ प्रस्थान गरेका सशस्त्र प्रहरी नायव उपरीक्षक गिरीले बताउनुभएको छ। सो प्रकरणबारे संसदमा बिभिन्न प्रश्न उठेका छन्।

# अन्तराष्ट्रिय

## स्वीस वार्ता पुनः स्थगित, अमेरिका इरान शान्ति प्रक्रिया अन्योलमा

कर्तव्य


सबैले चासो रोखेको गत शुक्रबार हुने भनिएको स्वीस वार्ता अकस्मात स्थगित भएपछि फेरी अन्योल देखिएको छ। अन्तराष्ट्रिय समाचार संस्थाहरुकाअनुसार अमेरिका-इरान शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय वार्ता पुनः अनिश्चित बनेको छ। मध्यपूर्वमा जारी तनाव व्यवस्थापनगर्ने उद्देश्यले गत शुक्रबारका लागि तयगरिएको स्विट्जरल्यान्डको बैठक स्थगित भएको स्वीस सरकारले जनाएको छ। गत शुक्रबार अमेरिकी उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड यात्रा रद्धभएको केही घण्टापछि वार्ता स्थगनको औपचारिक घोषणा गरिएको थियो। स्वीस विदेश मन्त्रालयले पठाएको भनिएको एक सूचनामा अमेरिका, इरान, कतार र पाकिस्तानबीच हुने भनिएको वार्ता हाललाई रोकिएको उल्लेख छ। सो मन्त्रालयकाअनुसार बर्गेनस्टकमा आवश्यक तयारी कार्य जारी रहेपनि नयाँ मिति तयगरिएको छैन। तथापि स्वीट्जरल्यान्डले वार्ता सहज बनाउन आफू तयार रहेको जनाएको छ। यो वार्ता हालै सम्पन्न भनिएको सम्झौतापछि अगाडि बढ्ने दोस्रो चरणको छलफलकारुपमा हेरिएको थियो र यसको उद्देश्य इरानसँगको द्वन्द अन्त्यगर्ने, हर्मुज जलघाँटी पुनः सञ्चालनमा ल्याउने तथा तेहरानको आणविक कार्यक्रमलगायत विषयमा ६० दिनभित्र ठोस सहमति खोज्ने रहेको उल्लेख गरिएको थियो। ह्वाइट हाउसले भान्सको यात्रा रद्धगर्दै वार्ता स्थगन गरिएको पुष्टि गरेको छ। अमेरिकी प्रशासनकाअनुसार कूटनीतिक प्रक्रिया जटिल र अस्थिर भएकाले समयतालिका बारम्बार परिवर्तन भइरहेका छन्, तर प्राविधिक तहका छलफल छिट्टै शुरुगर्ने तयारी भइरहेको भनिएको छ। इरानतर्फ तस्निम समाचार एजेन्सीले इरानी प्रतिनिधिमण्डलको स्विट्जरल्यान्ड भ्रमणबारे कुनै आधिकारिक पुष्टि नभएको जनाएको छ। यसले दुवै पक्षबीच



औपचारिक संवाद अघि बढे पनि कार्यान्वयन चरण अझै अनिश्चित रहेको देखाएको छ। उक्त समाचारअनुसार उक्त सम्झौतामा अमेरिका र इरानका शीर्ष नेतृत्वबीच छुट्टाछुट्टै हस्ताक्षर भएको दाबी गरिएको छ, जसलाई लिएर बिभिन्न राजनीतिक प्रतिक्रिया आएका छन्। इरानका सर्वोच्च नेताकारुपमा उल्लेख गरिएका अयातुल्ला मोजताबा खमेनीले केही असहमति हुँदाहुँदै पनि राष्ट्रहितका कारण सम्झौतालाई अनुमोदन गरेको बताउनुभएको छ। यद्यपि ती दाबीहरुको स्वतन्त्र पुष्टिभने भएको छैन। इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले सम्झौताको उल्लंघन भए निर्णायक जवाफ दिने चेतावनी दिनुभएको छ। यता अमेरिकी सेनाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी हटाएको बताइएको छभने आफ्ना युद्धपोतहरु क्षेत्रमै रहने जनाएको छ । ऊर्जा तथा रणनीतिक दृष्टिले महत्वपूर्ण हर्मुज जलघाँटीमा गतिविधि पुनः शुरु हुनथालेको संकेत देखिएको छ। केही तेल ट्यांकर र तरल प्राकृतिक ग्याँस बोकेका जहाजहरुले जलमार्ग प्रयोग गरेको रिपोर्ट आएको छ। इरानले भने जहाज आवागमनका लागि नयाँ अनुमति प्रणाली लागूगरेको छ। जसअनुसार ६० दिनसम्म शुल्क नलाग्ने व्यवस्था गरिएको छ। सम्झौताअनुसार इरानमाथिका तेल प्रतिबन्ध हटाइने र आणविक कार्यक्रमसम्बन्धी अन्तिम सहमतिपछि पुनर्निर्माणका लागि ठूलो आर्थिक सहायता परिचालन हुने उल्लेख गरिएको छ। तर ती प्रावधानहरुको कार्यान्वयन र राजनीतिक सहमतिबारे अझै स्पष्टता आएको छैन। यसैबीच, लेबनानमा इजरायल र हिजबुल्लाहबीच तनाव पुनः बढेको छ। हिजबुल्लाहले आफ्ना लडाकूहरुले इजरायली ट्यांकमा आक्रमण गरेको दाबी गरेपनि इजरायलले त्यसको पुष्टि गरेको छैन। दुवै पक्षबीच सीमावर्ती क्षेत्रमा आक्रमण-प्रत्याक्रमण जारीरहेको बताइएको छ। अमेरिका र इरानबीच भएको पछिल्लो सम्झौतापछि अगाडि बढाइने कूटनीतिक प्रक्रियाबारे अनिश्चितता बढिरहेका बेला अमेरिकी उपराष्ट्रपति जेडी भान्सले गत शुक्रबारका लागि तयगरिएको स्विट्जरल्याण्ड भ्रमण स्थगित भएपछि अन्योल देखिउको छ। मध्यपूर्वमा युद्ध अन्त्यगर्ने उद्देश्यले भएको सम्झौतापछि दुवै पक्षबीच थप वार्ताको तयारी भइरहे पनि निर्धारित उच्चस्तरीय भेटवार्ता तत्काल नहुने संकेत देखिएको छ। ह्वाइट हाउसकाअनुसार अमेरिका र इरानबीचको आगामी चरणका छलफलका लागि आवश्यक प्राविधिक तयारी जारी रहेपनि उपराष्ट्रपति भान्स स्विट्जरल्याण्ड नजाने निर्णय गरिएको हो। ह्वाइट हाउसका प्रवक्ताले अमेरिका-इरान वार्ताको प्रक्रिया जटिल र अप्रत्याशित रहने गरेको उल्लेखगर्दै प्राविधिक तहका वार्ता सकेसम्म छिट्टै शुरुगर्ने तयारी भइरहेको बताउनुभएको छ। सम्झौतापछि सार्वजनिक गरिएको एक वक्तव्यमा इरानका सर्वोच्च नेता अयातुल्ला मोजताबा खमेनीले आफ्ना केही फरक धारणा रहे पनि राष्ट्रहितलाई ध्यानमा राख्दै सम्झौतालाई अनुमोदन गरेको बताउनुभएको छ। उहाँले इरानी जनताको अधिकार र राष्ट्रिय हितको संरक्षणगर्ने प्रतिबद्धताका आधारमा सम्झौतालाई समर्थन गरिएको उल्लेखगर्दै भविष्यमा अमेरिकासँग प्रत्यक्ष वार्ता हुनसक्ने तर त्यसले इरानका मूलभूत अडानमा परिवर्तन नल्याउने स्पष्ट पार्नुभएको छ। उता, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले सम्झौताको कुनैपनि उल्लंघन वा दबाबको प्रयास भए त्यसको कडा जवाफ दिइने चेतावनी दिनुभएको छ। उहाँले सामाजिक सञ्जालमार्फत अर्को पक्षबाट हुने कुनैपनि दुर्व्यवहार वा प्रतिबद्धता उल्लंघनलाई इरानले सहन नसक्ने **बाँकी ८ पेजमा**

# समाजवादी साहित्यकार म्याक्सिम गोर्कीको संझनामा केही शब्दहरु

लोकनारायण सुवेदी



विश्व प्रसिद्ध रुसी साहित्यकार म्याक्सिम गोर्कीले तत्कालिन रुसमा महान अक्टोबर समाजवादी क्रान्ति सम्पन्नगर्न, समाजवादी सोभियत संघ स्थापनागर्न र त्यसलाई सही बाटोमा डोर्याउन समाजवादी साहित्यको विकासगर्दै जनताको सोभियतलाई बलियो बनाउन, टिकाउन र अझ अघि बढाउन जुन अपूर्ब भूमिका खेले त्यो अहिलेम्म विश्वमा सदासर्बदा स्मरणीय र प्रेरणादायी रहेको छ र रहिरहने छ। वास्तवमा म्याक्सिम गोर्की संसारभरीका मेहनतकस जन समुदायका महान लेखक तथा साहित्यकार थिए। उनले रुसमा मजदुर बर्गको पूरै क्रान्तिकारी कार्यकालभरी अक्टोबर समाजवादी क्रान्ति र त्यसपछि समाजवादको निर्माण सम्मको लामो कालखण्डमा आफ्ना कथा, उपन्यास, नाटक र लेखहरुको माध्यमद्वारा कदम कदममा श्रमजीवीव जनतामाथि उपस्थित शोषणकारी संकटपूर्ण परिस्थिति बिरुद्ध जुध्न र संघर्ष गर्न प्रेरणा दिइरहे। उनी आफ्नो समयका दबिएका, दबाइएका, थिचिएका मिचिएका जनताका आवाज बनेर खडा भए। उनले आफ्नो कलमबाट रुसी साहित्य र जनतामा आमूल परिबर्तनका लागि नयाँ ऊर्जा र ठूलो उत्साहको सञ्चार गरिरहे। ती महान ब्यक्तित्वको २८ मार्च १८६८ मा रुसको भोल्गा नदी किनाराको एउटा गरीब परिबारमा जन्म भएको थियो। त्यतिबेला उनको नाम मेक्सिम गोर्की नभएर अलेक्सेई मक्सिमोभिच राखिएको थियो।

सात बर्षको उमेर पुग्दानपुग्दै अनाथ हुन पुगेका गोर्कीले निकै चाँडै यो यथार्थ सत्यको सामाना गर्नुपर्‍योकि जीवन एउटा संघर्षकै नाम हो। उनी आफ्नो बाल्यकालदेखि नै एक मजदुरकारुपमा पालिए र हुर्किए अनि घरेलु कामदेखि लिएर रोटी कार्खाना, पानी जहाज र खेतहरुमासमेत कैयौं प्रकारका कामहरु गरे। यसरी उनको जीन्दगी सानैदेखि एउटा मजुदरको जीन्दगीकोरुपमा निरन्तर संघर्षशील रह्यो। मातापिताको देहान्तपछि उनको बाल्यकाल आफ्ना हजुर बा र हजुर आमाकोमा लाला पालनमा बित्न थाल्यो। समाजको सबैभन्दा गरीब मानिसहरु बस्ने फोहोर र दुर्गन्धले भरिएको मानिसहरुको बस्तीमा हुर्केर उनी तन्नेरी भए। हजुर आमाको पनि देहान्त भएपछि गोर्कीले १३ बर्षकै उमेरमा घर छोडे। अनि अनेक ठाउँमा कामगर्दै र रुसका कयौ ठाउँहरुमा घुम्दै रहे। त्यसक्रममा उनले समाजलाई अझ नजिकबाट हेर्ने र बुझ्ने मौका पाए। म्याक्सिम गोर्की (२८मार्च १८६८ - १८ जून १९३६)ले बाल्यकालदेखि पेटभर्नका लागि नै पाउरोटी बनाउने, नून बनाउने कारखाना मजदुर, भान्से, चौकीदार, कुल्ली, माली, सडकमा गिट्टी कुट्ने कामदारसम्मको काम गर्नुपरेको थियो। समाजमा मेहनतगर्ने मानिसहरु, गरीब आवारा मानिसहरु, गन्दा र फोहोरी बस्तीका निबासीहरुका बीचको संगतलेगर्दा उनले यो जीवन यात्राको किताबबाटै ठूलो ज्ञान हाशिल गरे। यसरी उनले औपचारिक शिक्षाका लागि बिद्यालयको मुखसम्म पनि देख्न पाएका थिएनन्। तर पनि दिनको १४-१५ घण्टा कम्मर भाँचेर काम गरेको अनुभवले उनलाई वास्तबमा मजदुर बर्गको साँच्चो लेखक बनाउन सर्बाधिक मद्दत गरेको थियो। बाल्यकालको अन्यमनस्कता तथा अनेक अनुभवका कारणले उनका लागि त्यतिबेलाको रुसको जारशाही निरंकूश शासन मुनिको शोषण, उत्पीडन र दमन उनका साहित्यिक रचनाहरुको आधार बने। त्यसैले उनी जनताको मुक्ति संघर्षको हिस्सा बनेर सशक्तरुपमा खडा भए। उनलाई कुनै बिद्यालय, विश्व बिद्यालयमा पढ्ने अवसर त मिलेन। तर रुसी क्रान्तिकारीहरुसँगको सम्पर्कले उनलाई बिभिन्न किताबहरुसँग सम्पर्क र परिचित गरायो। उनका आफ्नै अनुभव - श्रमजीबी जनतासँग जोडिन जाँदा मिलेका अनुभवहरुले उनको कलमको टुप्पोलाई अझ तिखारिदियो र निकै चाँडैनै उनलाई एउटा ठूलो लेखक बन्न मद्दत मिल्यो। आफ्नो साहित्यिक जीवनको आरम्भमा नै गोर्कीको परिचय लिओ टोल्स्टोय र चेखबजस्ता महान रुसी लेखकहरुसँग भयो। उनी आरम्भिकदिनदेखि नै रुसी क्रान्तिकारी आन्दोलनहरुसँग जोडिदै गए। अनि पछिबाट कम्युनिष्ट पार्टीमा सम्मिलित भएर जनताको मुक्तिको संघर्षसँग अझ नजिकैबाट जोडिन पाए। त्यसैक्रममा उनले मजदुरहरु र क्रान्तिकारीहरुको जीवन र संघर्षमा आधारित भएर आफ्नो विश्व प्रसिद्ध उपन्यास 'आमा' १९०६ मा लेखे। गोर्कीले आफ्ना कथा, नाटक, उपन्यास र लेखहरुको माध्यमबाट समाजलाई केवल चित्रण मात्र गरेनन् अझ अगाडि बढेर ती सबैलाई परिवर्तनको हतियारकोरुपमा उपयोग गरे। उनका आत्मकथात्मक उपन्यासहरु - 'मेरो बचपन', 'मेरो विश्वबिद्यालय' तथा 'जीवनको बाटो'मा दुर्दान्त जीवन बिताइरहेका मजदुर तथा तत्कालीन समाजको यथार्थलाई जीवन्तरुपमा चित्रण गरेको र त्यस्तो जीन्दगीको बिरुद्ध बिद्रोहगर्न उत्प्रेरित गरेको पाइन्छ।

जसले नीजी सम्पतिमा आधारित समाजका तौरतरीकालाई स्वीकार्न इन्कार गर्दछन्। आज गोर्कीको सम्पूर्ण जीवन र उनका साहित्यिक कार्यहरु पूरै संसारका मजदुरहरुका लागि प्रेरणका श्रोत बनेका छन् र अन्यायका बिरुद्ध गोर्कीको के मान्यता रहेको पाइन्छभने -पूँजीवादी समाजमा समग्रमा मानिसले आफ्ना अदभूत क्षमतालाई निरर्थक लक्ष प्राप्तिका लागि बर्बाद गर्दछ। जीवनका प्रति उनको दृष्टिकोण आशावाद र जनतामा दृढ विश्वासले भरिएको थियो। यहाँ अन्त्यमा उनको विश्व प्रसिद्ध उपन्यास 'आमा'बाट मजदुर नायक पात्र पावेलले अदालतमा दिएको महत्वपूर्ण बयान प्रस्तुत छ, जसले सामाजिक परिबर्तनका लागि उनको साहित्यिक प्रयोजनीयतालाई एकदमै खुलस्त र प्रष्ट पार्दछ। ती मदजुर नेताको बयानमा भनिएको छ - हामी समाजवादी हौं। यसको मतलब होकि हामी निजी सम्पत्तिको बिरुद्ध छौ। निजी सम्पत्तिको पद्धतिले समाजलाई छिन्न भिन्न तुल्याइदिन्छ,मानिसलाई एक अर्काको दुश्मन बनाइदिन्छ। मानिसका परस्पर हितहरुमा एउटा यस्तो द्वेष पैदागरिदिन्छ, जसलाई मेटाउन सकिदैन। यस द्वेषलाई लुकाउन या न्यायसंगत ठहराउनका लागि यसले असत्यको सहारा लिन्छ। अनि असत्य, धोका र घृणाले हरेक मानिसको आत्मलाई दुषित तुल्याइदिन्छ। त्यस बयानमा क्रान्तिकारी मजदुर नेताको मुखबाट गोर्कीले आमा उपन्यासमा बोलेका छन् -हाम्रो विश्वास छ कि त्यो समाज जसले मानिसलाई केवल केही अन्य मानिसलाई धनबान बनाउनका लागि साधन सम्झन्छ, अमानुषिक हो र हाम्रो हितको बिरुद्ध छ। हामी यस्तो समाजको असत्य र धोकाले भरिएको नैतिक पद्धतिलाई स्वीकार गर्न सक्तैनौं। ब्यक्तिकाप्रति त्यस रबैयामा जुन अन्याय र क्रूरता छ त्यसको हामी निन्दा गर्दछौं। यो पूँजीवादी समाजले ब्यक्तिमाथि जुन शारीरिक तथा नैतिक दासता थोपरेको छ हामी त्यसको हरेक रुपका बिरुद्ध लड्न चाहन्छौं र लड्नेछौं।

केही मानिसको स्वार्थ र लोभको हितमा अधिकांश मानिसलाई कुल्चिने जति पनि साधनहरु छन् हामी ती सबैका बिरुद्ध लड्ने छौं। त्यसको अन्त्यमा भनिएको छ - हामी मजदुर हौं, हामी ती मानिसहरु हौं जसको मेहनतले बाल बच्चाका खेलौनादेखि लिएर ठूल्ठूला मेशिन या यन्त्रहरुसम्म विश्वका हरेक चिजबीजहरु तयार हुन्छन् तर पनि हामीलाई नै आफ्ना मानबोचित प्रतिष्ठाको रक्षागर्ने अधिकारबाट बञ्चित राखिने गरिन्छ, कसैले पनि आफ्नो निजी स्वार्थका लागि हाम्रो शोषणगर्न सक्छ। यतिबेला हामी कम्तिमा यति स्वतन्त्रता त हाशिलगर्न चाहन्छौंकि अगाडि गएर हामीले सारा सत्ता हातमा लिन सकौं। हाम्रा नाराहरु एकदमै सिधा र प्रष्ट छन् : निजी सम्पत्तीको नास होस्, उत्पादनका सारा सधान जनताका सम्पत्ति हुन्, सत्ता जनताको हातमा होस्,हरेक मानिसले कामगर्नु पर्दछ। अब त तपाईले बुझ्नुनै भयो होलाकि हामी बिद्रोही होइनौं। यसरी **बाँकी ७ पेजमा**

# सरकारको प्रदूषित हावा हटाउने आठ अर्ब ७१ करोडको योजना

प्रगति ढकाल

बर्तमान सरकारले प्रदूषित हावा हटाएर स्वच्छ वातावरण कायमगर्ने योजना अघि सारेको छ। नेपाल स्वच्छ हावा तथा समृद्धि परियोजना (नेपाल क्लिन एयर एण्ड प्रोस्पेरिटी प्रोजेक्ट-एनक्याप) आगामी आब ०८३/०८४ देखि कार्यान्वयनमा ल्याउने तयारी भएको छ। नेपालमा वायु प्रदूषण नियन्त्रण, औद्योगिक क्षेत्रको हरित रुपान्तरण तथा स्वच्छ हावा प्रवर्द्धनका लागि करिब आठअर्ब ७१ करोड (५७ मिलियन अमेरिकी डलर) बराबरको परियोजना सञ्चालन गर्ने तयारी थालिएको हो। विश्व बैंकको ५२ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र पाँच मिलियन अमेरिकी डलर अनुदान स्वीकृत भएपछि परियोजना कार्यान्वयनको बाटो खुलेको छ। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले नेपाल स्वच्छ हावा तथा समृद्धि परियोजना (एनक्याप) ले देशको वायु गुणस्तर व्यवस्थापन प्रणालीमा गुणात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो।

उहाँका अनुसार परियोजनाले विशेषगरी उद्योग क्षेत्रलाई स्वच्छ ऊर्जामा रुपान्तरण गर्न सहयोग पुर्‍याउने भएकाले औद्योगिक प्रदूषणमा उल्लेखनीय कमी आउने अपेक्षा गरिएको छ। उहाँले हामीले अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन खोजेका छौं। उद्योगहरु स्वच्छ ऊर्जामा रुपान्तरणहुँदा प्रदूषणको मात्रा घट्नेछ र आगामी पाँच वर्षभित्र सकारात्मक परिणाम देख्न सकिने विश्वास गरेका छौं भन्नुभयो। सुवेदीले अन्तरदेशीय वायु प्रदूषण, विशेषगरी छिमेकी मुलुकबाट भित्रिने प्रदूषण नियन्त्रणका लागि बहुपक्षीय तथा अन्तरदेशीय समन्वय आवश्यक रहने बताउनुभयो। उहाँले परियोजनाले नेपालभित्रका प्रदूषण श्रोत नियन्त्रणमा केन्द्रितभई औद्योगिक उत्सर्जन घटाउने, वायु गुणस्तरको प्रभावकारी अनुगमन गर्ने तथा तथ्यमा आधारित नीति निर्माणलाई सहयोग पुर्‍याउने उल्लेख गर्नुभयो। उहाँकाअनुसार परियोजना अन्तर्गत वायु गुणस्तर मापन केन्द्रको संख्या विस्तार गरिनेछ भने बिद्यमान स्टेशनहरुको क्षमता अभिवृद्धि गरिने, साथै प्रयोगशालामा आधुनिक उपकरण थपिने, प्राविधिक जनशक्तिको क्षमता विकास गरिने तथा वातावरण विभागको संस्थागत क्षमता सुदृढ बनाइनेछ। महानिर्देशक सुवेदीले वायु प्रदूषणका कारण अर्थतन्त्रमा समेत ठूलो असर परिरहेको उल्लेख गर्दै वायु प्रदूषणका कारण विश्वव्यापी रुपमा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब छ प्रतिशत बराबरको आर्थिक क्षति हुने विभिन्न अध्ययनले देखाएको बताउनुभयो। उहाँले नेपालमा वायु प्रदूषणले अर्थतन्त्रमा कति असर पारेको छ, कुन क्षेत्रबाट कति प्रदूषण उत्सर्जन भइरहेको छ र त्यसको आर्थिक तथा सामाजिक प्रभाव के छ भन्ने विषयमासमेत अध्ययन गरिनेछ भन्नुभयो। उहाँकाअनुसार आगामी दिनमा तथ्यमा आधारित नीति निर्माण, प्रदूषणका श्रोतहरुको पहिचान तथा प्रभावकारी नियन्त्रणका लागि आवश्यक अनुसन्धान र अध्ययनलाई समेत परियोजनाले प्राथमिकतामा राख्नेछ। वातावरण विभागका उपमहानिर्देशक सरोजकुमार चौधरीका अनुसार परियोजनाको मुख्य उद्देश्य प्रदूषित हावामा पाइने सूक्ष्म कण (पीएम-२.५) को उत्सर्जन घटाई वायु गुणस्तर व्यवस्थापन क्षमता अभिवृद्धि गर्नु रहेको छ। उहाँले नेपालमा विशेषगरी काठमाडौं उपत्यका र तराई क्षेत्रमा पीएम-२.५ को मात्रा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डभन्दा आठदेखि नौ गुणासम्म बढी रहेको उल्लेखगर्दै यसले जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको बताउनुभयो। चौधरीले परियोजनाअन्तर्गत उद्योग क्षेत्रमा जीवाश्म इन्धन तथा कोइलाबाट सञ्चालन भइरहेका ब्वायलर र फर्नेसलाई बिद्युत् तथा बायोमासमा आधारित हरित प्रविधिमा रुपान्तरण गरिनेछ। उद्योग विभागमार्फत सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत बिद्युतीय फर्नेसमा रुपान्तरण गर्ने उद्योगलाई कूल पूँजीगत खर्च (क्यापेक्स) को २० प्रतिशतसम्म पूँजी अनुदान उपलब्ध गराइनेछ भन्नुभयो।

त्यस्तै बायोब्रिकेट तथा बायोपेलेटजस्ता बायोमासमा आधारित फर्नेसमा रुपान्तरण गर्ने उद्योगलाई कूल पूँजीगत खर्चको १० प्रतिशतसम्म अनुदान प्रदान गरिनेछ चौधरीको भनाइ छ। उहाँले उद्योग विभागमार्फत सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत बिद्युतीय फर्नेसमा रुपान्तरणगर्ने उद्योगहरुलाई पूँजीगत लगानीको २० प्रतिशत र वायोमास (बायोब्रिकेट र बायोपेलेट) मा आधारित फर्नेसमा रुपान्तरण गर्नेलाई पूँजीगत लगानीको १० प्रतिशतसम्म पूँजी अनुदान ब्यादर र फर्नेसमा रुपान्तरण गरिसकेपछि उपलब्ध गराइनेछ। बाँकी रकम ब्याजदरमा लामो अवधि (करिब १५ वर्ष) सम्मको लागि प्रदान गरिनेछ", अन्य वायु प्रदुषण नियन्त्रण उपकरणका लागि कुनै अनुदानको व्यवस्था नरहेको तर बजार ब्याजदरमा **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# प्रेस स्वतन्त्रताबारे गम्भीर वहस, राजनीतिक नेतृत्वबारे प्रश्न

काठमाडौं। पत्रकारिता पेशालाई लाइसेन्ससँग जोड्ने विषयमा पछिल्लो समय उठिरहेको बहसले रौतहटको चन्द्रनिगाहपुरमा आयोजित एक कार्यक्रममा तीव्र तरंग पैदागरेको थाहा भएको छ। मधेस मिडिया काउन्सिलद्वारा आयोजित आचारसंहिता सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी पत्रकार, सञ्चारकर्मी तथा सरोकारवालाहरुले पत्रकारिताको भविष्य, प्रेस स्वतन्त्रता, आचारसंहिताको कार्यान्वयन र लोकतान्त्रिक मूल्यबारे गम्भीर विमर्श गरेका छन्। कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झाले पत्रकारलाई लाइसेन्स अनिवार्य बनाउने अभिव्यक्ति दिने राजनीतिक नेतृत्वप्रति कडा प्रश्न उठाउनुभएको थियो। उहाँले



पत्रकारितालाई नियन्त्रणगर्ने सोचभन्दा पत्रकारिता क्षेत्रलाई सुदृढ र सक्षम बनाउने योजनामा राज्यले ध्यान दिनुपर्ने बताउनुभएको थियो। उहाँले पत्रकारलाई लाइसेन्स दिने कुरा उठाउनु अघि नेताहरुले आफ्नो योग्यता र जवाफदेहिताको मापदण्ड निर्धारण गर्नुपर्छ। पत्रकारिता लोकतन्त्रको आधार स्तम्भ हो, यसलाई प्रशासनिक बन्देजको घेरामा राख्ने प्रयास उचित हुनसक्दैन भन्नुभएको थियो। झाले सञ्चारमन्त्रीलाई सुझावदिँदै मधेस प्रदेशमा पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धिका लागि मधेस मिडिया प्रशिक्षण प्रतिष्ठान स्थापनागर्न पहल गर्नुपर्ने बताउनुभएको थियो। उहाँकाअनुसार पत्रकारिता क्षेत्रलाई दण्ड र नियन्त्रणको दृष्टिले होइन, दक्षता र व्यावसायिकताको दृष्टिले हेर्न आवश्यक छ। पूर्वअध्यक्ष झाले राष्ट्रिय समाचार समितिको नेतृत्व सम्हालेको अनुभव स्मरणगर्दै वर्तमान परिस्थितिप्रति चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले लोकतन्त्रमा सूचना प्रवाहका लागि कुनै शैक्षिक प्रमाणपत्र अनिवार्य हुन सक्दैन। ज्ञान, क्षमता, अनुभव र जनउत्तरदायित्वनै पत्रकारिताको मूल आधार हो भन्नुभएको थियो। उनले प्रेस स्वतन्त्रताको महत्वमाथि जोडदिँदै कुनैपनि प्रकारको नियन्त्रण वा तालाचाबी लगाएर प्रेस स्वतन्त्रताको रक्षा हुननसक्ने बताउनुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश सरकारका सञ्चारमन्त्री कनिस पटेलले पत्रकारितामा बढ्दो पूर्वाग्रहप्रति चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले शिक्षक, पत्रकार, प्रहरी र न्यायाधीशजस्ता पेशा समाजका विश्वासका आधारस्तम्भ भएकाले यी क्षेत्रमा आबद्ध व्यक्तिहरु निष्पक्ष र पूर्वाग्रहरहित हुनुपर्ने धारणा राख्नुभएको थियो। उहाँले यदि पत्रकारले सही सूचना सम्प्रेषण गर्न सकेन भने समाजले सही दिशा लिन सक्दैनकार। समाजले सञ्चारमाध्यमलाई विश्वासको आँखाले हेर्छ। त्यसैले पत्रकारको जिम्मेवारी अत्यन्त ठूलो छ भन्नुभएको थियो। उहाँले पत्रकारिताको प्रभावलाई शिक्षकको भूमिकासँग तुलनागर्दै पत्रकार समाज निर्माणको महत्वपूर्ण शक्ति भएको बताउनुभएको थियो। उहाँले शिक्षकभन्दा कम छैन पत्रकारको भूमिका। समाजलाई शिक्षित, सचेत र जिम्मेवार बनाउन पत्रकारले निर्वाहगर्ने योगदान असाधारण छ भन्नुभएको थियो। मन्त्री पटेलले पछिल्लो समय देखापरेको पित पत्रकारिता अर्थात गैरजिम्मेवार र अपुष्ट सामग्री प्रकाशन तथा प्रसारणगर्ने प्रवृत्तिले असल पत्रकारहरु ओझेलमा परेको बताउनुभएको थियो। सामाजिक सञ्जालमा सूचना प्रवाहगर्ने सबैलाई पत्रकार मान्न नसकिने उहाँको भनाई थियो। उहाँले पत्रकारितामा व्यावसायिक मापदण्ड कायमगर्न डाक्टर, इन्जिनियरलगायत अन्य पेशामाजस्तै लाइसेन्स प्रणाली लागूगर्न सकिने धारणा राख्नुभएको थियो। कार्यक्रममा व्यक्त यी फरक, फरक धारणाले पत्रकारिता क्षेत्रको वर्तमान अवस्था र भविष्यबारे गम्भीर बहस सिर्जनागरेको थियो। एकातिर पत्रकारितामाथि कुनै पनि प्रकारको प्रशासनिक नियन्त्रण लोकतान्त्रिक मूल्यविपरीत हुने तर्क प्रस्तुत भयोभने अर्कोतर्फ व्यावसायिकता र उत्तरदायित्व सुनिश्चितगर्न नयाँ व्यवस्था आवश्यक रहेको आवाज पनि सुनियो। मधेस मिडिया काउन्सिलकी अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा संयोजक केसी लामिछाने, महासंघ मधेस प्रदेश अध्यक्ष श्याम बन्जरा, रौतहटका जिल्ला अध्यक्ष सञ्जय कार्कीलगायत वक्ताहरुले जिल्लाको पत्रकारितामा आचारसंहिताको कार्यान्वयन अवस्था, चुनौती र सम्भावनाबारे धारणा राख्नुभएको थियो। वक्ताहरुले पत्रकारिताको मूलधर्म सत्य, तथ्य र जनउत्तरदायित्व भएको उल्लेखगर्दै आचारसंहिताको प्रभावकारी पालनानै पत्रकारिताको विश्वसनीयता जोगाउने प्रमुख आधार भएको बताए। उनीहरुले बदलिँदो सञ्चार परिवेश, सामाजिक सञ्जालको तीव्र विस्तार र सूचना प्रवाहको प्रतिस्पर्धात्मक अवस्थाबीच पत्रकारले अझ बढी जिम्मेवार, तथ्यपरक र व्यावसायिक बन्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो। चन्द्रनिगाहपुरमा सम्पन्न सो अभिमुखीकरण कार्यक्रम केवल आचारसंहिताको प्रशिक्षणमा सीमित रहेन। पत्रकारिताको स्वतन्त्रता, व्यावसायिक मर्यादा, राज्यको भूमिका, सामाजिक उत्तरदायित्व र लोकतन्त्रमा सञ्चारमाध्यमको स्थानबारे गहिरो बहसको थलोका रुपमा कार्यक्रम स्मरणीय बनेको सहभागीहरुको भनाई छ।

# पत्रकार गीता अधिकारीलाई अवार्ड प्राप्त

काठमाडौं। सञ्चारकर्मी तथा गीतकार गीता अधिकारीलाई सर्वोत्कृष्ट गीतकार महिला (सुगम संगीत)को अवार्ड प्रदान गरिएको छ। गतसाता काठमाडौंमा आयोजित नवौं संस्करणको राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड)मा उहाँलाई माटोको सुगन्ध गीतबाट उक्त अवार्ड प्रदान गरिएको हो। यही गीतबाट सार्वोत्कृष्ट संगीतरको अवार्ड सिक्किमका जीवन शर्मालाई प्रदान गरिएको थियो। समारोहमा वरिष्ठ अभिनेत्रीहरु बसुन्धरा भुसाल, भुवन चन्द, चैतदेवी, चलचित्र **बाँकी ७ पेजमा**

# नेपालमा मानव अधिकारका सन्दर्भमा उठेका बिभिन्न सवालहरु

रमेशकुमार बोहोरा

साझा मञ्च



राष्ट्रिय मानव अधिकार आयोग कुनैपनि लोकतान्त्रिक मुलुकमा मानवअधिकार उल्लंघनका घटनामाथि निगरानी राख्ने, पीडितलाई न्यायको ढोका खोल्ने र राज्यलाई संवैधानिक सीमाभित्र राख्ने सबैभन्दा महत्वपूर्ण संस्थामध्ये एक हो। तर नेपालमा पछिल्ला वर्षहरुमा आयोगको भूमिका, प्रभावकारिता, निष्पक्षता र संवैधानिक जिम्मेवारी निर्वाहबारे गम्भीर प्रश्नहरु उठ्नथालेका छन्। अझ पछिल्ला केही महिनामा देखिएका घटनाक्रमले आयोगमाथिको जनविश्वास कमजोर बन्दैगएको संकेत गरेका छन्। मानवअधिकारसँग सम्बन्धित विषयहरु राष्ट्रिय संयन्त्रबाट समाधान हुनुको सट्टा अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्न थालेपछि आयोगको कार्यक्षमता र औचित्यमाथिसमेत बहस शुरुभएको छ।

जेनजी आन्दोलनसम्बन्धी प्रतिवेदन, ट्रेड यूनियन अधिकार विवाद, प्रेस स्वतन्त्रतासम्बन्धी सरकारी निर्णय तथा पत्रकारमाथि भएका आक्रमणका घटनामा आयोगको भूमिका कमजोर देखिएको आरोप लगाइँदै आएको छ। मानवअधिकारकर्मीहरु भन्छन्- आयोगको काम प्रतिवेदन लेखेर दराजमा थन्क्याउनु होइन, राज्यलाई जवाफदेही बनाउनु हो। तर आलोचकहरुको बुझाइमा आयोग अहिले त्यही मूल दायित्वबाट क्रमशः टाढिँदै गएको छ। सबैभन्दा बढी विवाद-०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनसम्बन्धी आयोगको प्रतिवेदनपछि देखियो। आन्दोलनकाक्रममा भएको हिंसा, सुरक्षाकर्मीको बल प्रयोग, नागरिकको मृत्यु र सम्पत्तिमा भएको क्षतिका विषयमा आयोगले सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसको निष्कर्ष र सिफारिसमाथि चौतर्फी प्रश्न उठ्यो। प्रतिवेदनले कसलाई दोषी ठहर गर्‍यो, कसलाई उन्मुक्ति दियो, किन स्पष्ट जिम्मेवारी तोकिएनभन्ने प्रश्नहरु सार्वजनिक बहसको विषय बने। आयोगले थप अनुसन्धान गरियोस, कानूनी व्यवस्था गरियोस, सम्बन्धित निकायले आवश्यक कारवाहीगरोसजस्ता अस्पष्ट वाक्यांश प्रयोग गरेकोभन्दै आलोचना भयो। मानवअधिकार उल्लंघनका घटनामा जिम्मेवार व्यक्ति वा निकाय किटान गरेर कारवाही सिफारिस गर्नुपर्ने निकाय स्वयं अनिर्णयको अवस्थामा देखिएको आरोप लाग्यो। आयोगभित्रै प्रतिवेदन अन्तिम चरणमा संशोधन गरिएको, केही प्रभावशाली व्यक्तिलाई जोगाउने प्रयास भएको र निष्कर्ष कमजोर बनाइएको चर्चा सार्वजनिक भएपछि आयोगको विश्वसनीयतामा थप धक्का पुग्यो। आयोगकी सदस्य लिली थापाले समेत प्रतिवेदनमा त्रुटि रहेको संकेत गरेपछि विवाद अझ चर्कियो। यस घटनाले अर्को गम्भीर प्रश्न जन्मायो–प्रतिवेदन सार्वजनिक हुनुअघि नै जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा किन यसको चर्चा भयो ? परिषद्का सदस्यहरुले नेपालको प्रतिवेदन कहाँ छ ? भनेर प्रश्नगर्नुले नेपालको आन्तरिक विषय अन्तर्राष्ट्रिय चासोको विषय बनिसकेको देखाउँछ। राजनीतिक दलहरु पनि आयोगप्रति सन्तुष्ट देखिएका छैनन्।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले प्रतिवेदनलाई पूर्वाग्रहपूर्ण र बदनियतयुक्त भनेका छन्भने एमालेका अध्यक्ष केपी ओलीले घटना गराउनेहरुलाई कारवाहीनगरी प्रतिवेदनले के सन्देश दिन खोजेको हो ? भन्ने प्रश्न सार्वजनिकरुपमा उठाएका छन्। मानवअधिकारसम्बन्धी विवाद अन्तर्राष्ट्रियकरण भएको अर्को उदाहरण श्रमिक अधिकारको मुद्धा हो। सरकारले ट्रेड यूनियन संरचना खारेजगर्ने निर्णय गरेपछि श्रमिक संगठनहरुले त्यसलाई संविधानविपरीत र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का मान्यताविपरीत भएको दाबीगरेका छन्। नेपालले आईएलओका बिभिन्न अभिसन्धिमा हस्ताक्षर गरिसकेको छ, जसले श्रमिकलाई संगठन खोल्ने, सामूहिक सौदाबाजीगर्ने र स्वतन्त्ररुपमा संगठित हुने अधिकार सुनिश्चित गर्छ। यति संवेदनशील विषयमा आयोगले प्रभावकारी पहल नगरेको भन्दै श्रमिक संगठनहरु असन्तुष्ट छन्। यही असन्तुष्टिको परिणामस्वरुप संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटीयूसीसी) ले जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनमा नेपालको विषय उठाउने निर्णय गर्‍यो। सामान्यतया राष्ट्रिय निकायबाट समाधान हुनुपर्ने विवाद अन्तर्राष्ट्रिय श्रम मञ्चसम्म पुग्नु आयोगको प्रभावहीनताको संकेतका रुपमा हेरिएको छ। प्रेस स्वतन्त्रताको विषयमा आयोगको मौनता अझ धेरै आलोचित भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ०८२ चैत १८ गते तीन तहका सरकारका सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने निर्णय गरेपछि नेपाल पत्रकार महासंघले त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भन्दै आयोगको ध्यानाकर्षण गराएको थियो। महासंघले उक्त निर्णयले अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, स्वतन्त्र पत्रकारिता र सञ्चार क्षेत्रको आर्थिक अस्तित्वमाथि प्रतिकूल असर पार्नेभन्दै आयोगलाई हस्तक्षेपगर्न आग्रह गरेको थियो। तर आयोगले उल्लेखनीय सक्रियता नदेखाएको आरोप छ। फलस्वरुप विषय अन्तर्राष्ट्रिय पत्रकार महासंघको पेरिस सम्मेलनसम्म पुग्यो। सम्मेलनले नेपालको प्रेस स्वतन्त्रताबारे विशेष प्रस्ताव पारितगर्दै सरकारलाई निर्णय पुनर्विचारगर्न आग्रह गर्‍यो। नेपालजस्तो लोकतान्त्रिक मुलुकको नाम प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय चिन्ताको सूचीमापर्नु स्वयंमा गम्भीर विषय हो। आयोगको निष्क्रियताबारे प्रश्न उठाउनेहरु केवल संगठित क्षेत्र मात्र होइनन्। सामान्य नागरिकका गुनासा पनि उत्तिकै गम्भीर छन्। भूमिहीन, सुकुम्बासी, दलित, महिला, बालबालिका तथा राज्यको पहुँचभन्दा टाढा रहेका समुदायका हजारौं उजुरी आयोगमा पुग्नेगरेका छन्। तर ती उजुरीमध्ये कति पीडितले न्याय पाए, कति सिफारिस कार्यान्वयन भए र कति घटनामा दोषीलाई कारवाहीभयो भन्ने विषयमा आयोगले जनविश्वास जगाउने गरी परिणाम दिन सकेको देखिँदैन। पत्रकार सुरेश रजकको मृत्युको घटनाले पनि आयोगको भूमिकामाथि प्रश्न उठाएको छ। ०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको घटनामा फोटो पत्रकार रजकको जलेर मृत्युभएको थियो। नेपाल पत्रकार महासंघले पटक-पटक निष्पक्ष छानबिनको माग गरेपनि आयोगले अपेक्षित सक्रियता नदेखाएको भन्दै सञ्चार क्षेत्रबाट आलोचना हुँदैआएको छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा मानवअधिकार आयोगहरु केवल सिफारिस गर्ने संस्थामात्र होइनन्। दक्षिण अफ्रिकाको मानव अधिकार आयोगले राज्य निकायविरुद्ध कठोर प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयनमा दबाब सिर्जनागर्ने अभ्यास राख्छ। भारतको राष्ट्रिय मानव अधिकार आयोगले हरेक वर्ष हजारौं उजुरीमाथि कारवाहीगर्दै सरकारलाई क्षतिपूर्ति र सुधारात्मक कदमका लागि बाध्य बनाउने प्रयास गर्छ।

बेलायत, क्यानडा र अष्ट्रेलियाका मानवअधिकार निकायहरुले सार्वजनिक सुनुवाइ, अनुसन्धान र नियमित निगरानीमार्फत राज्यलाई जवाफदेही बनाइरहेका छन्। नेपालको संविधानले पनि राष्ट्रिय मानव अधिकार आयोगलाई सामान्य कार्यालयजस्तो भूमिका दिएको छैन। संविधानको धारा २४९ ले आयोगलाई मानवअधिकार उल्लंघनका घटनाको अनुसन्धानगर्ने, दोषीलाई कारवाहीको सिफारिस गर्ने, मानव अधिकारसँग सम्बन्धित कानून पुनरावलोकनगर्ने, अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन अनुगमनगर्ने तथा आफ्ना सिफारिस नमान्ने व्यक्ति वा निकायको नाम सार्वजनिक गर्नेसम्मको अधिकार दिएको छ। तर आयोगले यही अधिकार प्रयोगगर्न हिच्किचाइरहेको छ। मानवअधिकार उल्लंघनका विषयमा सिफारिस कार्यान्वयन नगर्ने अधिकारीको नाम सार्वजनिकगर्ने संवैधानिक व्यवस्था हुँदाहुँदै पनि आयोगले त्यसलाई प्रभावकारीरुपमा प्रयोग गरेको देखिँदैन। यही कारणले आयोगमाथि निष्क्रिय, अनिर्णयग्रस्त, दबाबमा चल्ने र राज्यसँग अत्यधिक नरम भएको आरोप लाग्नथालेको छ। मानवअधिकार कर्मीहरुको तर्क छ। यदि आयोगले आफ्नो संवैधानिक अधिकार पूर्णरुपमा प्रयोगगर्ने होभने धेरै मुद्धा अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्नुपर्ने अवस्थानै आउँदैन। वास्तवमा मानवअधिकारका विषय अन्तर्राष्ट्रियकरण हुनु आफैंमा नकारात्मक कुरा होइन। मानवअधिकार सार्वभौमिक विषय भएकाले अन्तर्राष्ट्रिय समुदायको चासो स्वाभाविक हुन्छ। तर कुनै देशको संवैधानिक निकायले आफ्नो दायित्व पूरागर्न नसक्दा, पीडितले देशभित्रै न्याय नपाउँदा र **बाँकी ७ पेजमा**

# शेयरमा भएको लगानी र उतार चढावको अवस्था

रुषा थापा

नेपालमा शेयरमा गरिएको लगानी जोखिमपूर्ण बन्दैगएको छ। घटनाक्रमहरुलाई हेर्दा ०८२ फागुन २५ गते नेप्से १६२ अंकले बढ्यो। एक कित्ता सेयरकै २९ सय ६७ रुपैयाँ पुगेको थियो। दलालहरु भन्थे-सेयर कित्ताकै ३५ सयदेखि ४५ सय रुपैयाँ पुग्नेछ। यद्यपि, त्यसयता सेयरको मूल्य घट्दो छ। अहिले २६ सय कित्तामा झरेको छ। सेयरमा ८३ लाख ६७ हजार सर्वसाधारणले लगानी गरेका छन्। एउटै व्यक्तिले दश हजारदेखि खर्बौंसम्म लगानी गरेका छन्। बैंक, वित्तिय संस्थाले पनि सेयरमा थुप्रै कर्जा लगानी गरेका छन्।

बैंकले मात्र एक खर्ब ६७ अर्ब कर्जा सेयर धितो राखेर प्रवाह गरेको छ। सेयर बैंकसहित हाइड्रोपावर, इन्स्योरेन्स लगायत कम्पनीले एकसय रुपैयाँ प्रतिकित्तामा निष्काशन गर्छन्। कानून भन्छ-कुनै पनि वस्तुमा २० प्रतिशत बढी नाफा खान मिल्दैन। योभन्दा बढी नाफा खाएमा कालोबजारी लाग्छ। यसर्थ, एकसय रुपैयाँको सेयर १२० रुपैयाँमा किनबेच गर्नुपर्छ। तर, यहाँ त २६ सयमा किनबेच भइरहेको छ। अनि यहाँ कालोबजारी लाग्छ कि लाग्दैन ? जलविद्युत कम्पनी दर्ता भएको तीस वर्षपछि त्यसको चल,अचल सम्पत्ति राज्यको हुने कानूनी व्यवस्था छ। दुई वर्षयता असोजमा आएको बाढीपहिरोका कारण धेरै जलबिद्युत कम्पनी डुब्ने अवस्थामा पुगेका छन्। इन्स्योरेन्स कम्पनीहरु पनि संकटमा छन्। बर्खायामको बाढीपहिरो र जेनजी आन्दोलनमा भएको खर्बौं क्षतिको भुक्तानी उनीहरुले दिन सकिरहेका छैनन्।

सहकारी, लघुवित्त, फाइनान्स त डुबिहाले। बैंकमा पनि समस्या देखिसक्यो। बैंकको कर्जा प्रवाह ठप्प छ भने दिएको ऋण पनि असुली भइरहेको छैन। ऋणीहरु धितो लिलाम गर भनेरै हात उठाउँछन्। यद्यपि, धितोबाट ऋणको आधा रकमसमेत नउठ्ने अवस्था छ। यसले बैंक पनि छिट्टै टाट पल्टिने देखिँदैछ। बैंक तथा वित्तिय संस्थाले घरजग्गामात्र धितो राखेर सात खर्ब कर्जा प्रवाह गरेका छन्। गाडीमा पनि खर्बौं कर्जा लगानी गरिएको छ। संस्थाका अध्यक्ष, सञ्चालक, कर्मचारीहरुले घुसको प्रलोभनमा घरजग्गा, गाडी र सेयरमा लगानी गरे। शुरुमा कमाएपनि। तर, कृत्रिम रुपमा बढाइएको मूल्य लामो समय टिक्दैन। घरजग्गा, गाडी र सेयरको हकमा पनि यही भयो। रोपनीको दशहजारमा नबिक्ने खेतीयोग्य जमिन भूमाफियाहरुले प्लटिङ गरेर आनाकै २५ लाखदेखि १४ करोडसम्ममा बेचे। एक रोपनीमा १६ आना हुन्छ। छिमेकी मुलुक भारत र चीनमा ५० हजारदेखि दश लाख रुपैयाँ पर्ने सवारी साधन अटो शोरुमहरुले अढाई लाखदेखि २४ करोडसम्ममा बेचे। गाडी फलाम, सिसा, कपडा, फर्मलगायतबाट बन्छ।

यी वस्तु कवाडले एकरुपैयाँ किलोमा समेत लग्दैन। सेयर त एकसय रुपैयाँ प्रतिकित्तामा निष्कासन गरिएको भइहाल्यो। त्यस्तै ०२२ सालसम्म सुन प्रतितोला ८० रुपैयाँ थियो र चाँदी त सित्तैमा पनि कसैले नलैजाने भन्नेहरु अझै भेटिन्छन्। तर, यही सुन केही महिनाअघि तोलाकै चार लाखमा बेचियो त चाँदी दशहजार। यसरी एक सयको सामानमा करोडौं लगानी गरेपछि नडुबेर के हुन्छ ? लगानी गर्नुपूर्व निकै सोच्नुपर्छ। विडम्बना, सर्वसाधारणदेखि बैंक, वित्तिय संस्थासम्मले दलालीको लहैलहैमा लागेर लगानी गरे। परिणाम आज हामीसामु छ-सहकारीको भागाभाग चल्यो, सर्वसाधारण डुबे, बैंकमा पनि संकट देखिँदैछ। घरजग्गा, गाडी, सेयरलगायत धितो राखेर सहकारीबाट ६३ लाख, लघुवित्तबाट २७ लाख र बैंकबाट २२ लाख सर्वसाधारणले ऋण लिएका छन्। एकलाख रुपैयाँको मासिक पाँचदेखि ३० हजार रुपैयाँमा कर्जा लिने पनि लाखौं छन्। बैंक, वित्तिय संस्थाले कर्जा दिने बेला १२ देखि १८ प्रतिशत ब्याज भन्छन्। तर, २२ देखि ८० प्रतिशतसम्म असुलिन्छ। सेवाशुल्क तीन प्रतिशतसम्म र तीन किस्ता नतिर्नेबित्तिकै धितो लिलाम गरिन्छ। बैंक, वित्तिय संस्थाबाट ऋण लिएकामध्ये **बाँकी ७ पेजमा**

# समाचार विविध

## औद्योगिक क्षेत्रहरुमा दक्ष जनशक्तिको अभावभएको खुलाशा

काठमाडौं। नेपालका औद्योगिक क्षेत्रका लागि दक्ष जनशक्तिको अभाव देखिन थालेको छ। कच्चा पदार्थ र उत्पादित वस्तुका लागि उपयुक्त बजार प्रमुख समस्याका रुपमा देखिएका छन्। नेपाल राष्ट्रबैंकले गरेको एक अध्ययनअनुसार पर्याप्त पूँजीको अभाव, उच्च उत्पादन लागत, प्रविधिकगत पछौटेपन, पूर्णक्षमताको अभाव, जनशक्ति पलायन, पर्यावरणमैत्री उद्योगको व्यवस्थापन र सञ्चानलाई पनि चुनौतीकारुपपा लिइएको हो। औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवं उत्पादकत्व वृद्धिगर्नु, कच्चा पदार्थको उचित प्रवन्धगर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिगर्नु, निर्यातजन्य वस्तुको विविधकरण गर्नुलगायत चुनौती औद्योगिक क्षेत्रमा रहेका नेपाल राष्ट्रबैंकको अध्ययनले देखाएको छ। केन्द्रीय बैंकले हालै सार्वजनिक गरेको चालु आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदनअनुसार कर्णाली प्रदेशमा स्थापना भएका उद्योगमा पूँजी अभाव तथा बजारीकरणको समस्या रहेको छ। स्थापित उद्योग एवं कलकारखानालाई पलायन हुनबाट रोक्नु, ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा जानेगरेकाले उद्योगमा आवश्यक प्रविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापनगर्नु चुनौती देखिएको छ। न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षणगरी उद्योगका लागि आवश्यक पूँजीको व्यवस्थापनगर्नु, उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापनगर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु पनि कठीनाइकारुपमा लिइएको छ। उक्त अध्ययनअनुसार सुदूरपश्चिम प्रदेशमा भारतसँगको खुला सीमानाकाका कारण हुनसक्ने सम्भावित भन्सार छली, अवैध पैठारीलगायत गतिविधि नियन्त्रणगरी स्थानीय उत्पादन र औद्योगिक गतिविधि प्रवर्द्धनगर्नु चुनौतीकारुपमा रहेको छ। उद्योगधन्दा सञ्चालनका लागि आवश्यकपर्ने दक्ष र प्राविधिक जनशक्तिको अभाव, कमजोर पूर्वाधार, निर्यातयोग्य वस्तुमा विधिकरणको कमी, न्यून उत्पादकत्व र निर्यात क्षमता पनि कमजोर पनि चुनौतीका रुपमा छन्। स्वदेशी वस्तुको उत्पादन लागत बढी हुनु, कमजोर औद्योगिक पूर्वाधार तथा स्थानीयस्तरमा उपलब्ध प्राकृतिक श्रोत तथा साधनको सदुपयोग हुननसक्नु पनि चुनौतीकारुपमा रहेका छन्। अध्ययनअनुसार मुलुकको औद्योगिक क्षेत्रमा उल्लेख्य सम्भावना रहेको छ। जलबिद्युत उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता राखेको अध्ययन प्रतिवेदनमा जनाइएको छ। कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानीलगायत खानीजन्य पदार्थको सम्भाव्यतासमेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना छ। त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टेवयर विकास, सूचना प्रविधि सेवा तथा आउटसोर्सिङ (बाह्य श्रोत परिचालन) उद्योगको विकासगर्ने सम्भावना उच्च छ। सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरु प्रयोगगर्ने व्यवस्था, निजी क्षेत्रसँग सरकारको सहकार्यलगायत नीतिगत व्यवस्था, सहज बैंकिङ पहुँच, न्यून ब्याजदर, बैंक तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम, बढ्दो सहरीकरण तथा डिजिटल प्रविधिको प्रयोगका कारण औद्योगिक उत्पादनको विस्तार हुने सम्भावनासमेत रहेको बताइएको छ।

## बिटुमिनको अभावले सडक निर्माणमा वाधा

काठमाडौं। बिटुमिनको अभावले नेपालका बिभिन्न सडकहरुको निर्माणमा वाधा पर्नथालेका समाचारहरु प्राप्त भएका छन्। यसैक्रममा स्तरोन्नति भइरहेको अरनिको राजमार्ग अन्तर्गत काभ्रेको धुलिखेल-खावा सडकखण्ड पक्की कार्य दुई महिनादेखि बन्द अवस्थामा रहेको छ। गत चैतमा करिब महिनाभर रातको समयमा आवागमन बन्द तथा दिउँसो एकतर्फ सञ्चालन गरेर कालोपत्रको काम गरिए पनि बिटुमिन अभावका कारण बन्द अवस्थामा रहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ। धुलिखेल चोकबाट दुई दशमलव पाँच किलोमिटर सडक दुवैतर्फी पहिलो चरणमा पक्की बनाइएको उक्त सडकमा वैशाखदेखि सम्पूर्ण प्रकारका यातायातका साधनलाई दुईतर्फी खुला गरिएको थियो। कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले दुई महिनादेखि बिटुमिन अभावका कारण बाँकी पक्की बनाउने काम तथा पहिलो चरणमा डिबिएम-कालोपत्रे गरिए पनि आस्फाल थप्ने कार्य बाँकी रहेको बताउनुभएको छ। उहाँकाअनुसार स्तरोन्नति भइरहेको चार किमीमध्ये बाँकी दूरी ( दुवैतर्फीसम्मको)पक्कीगर्ने कार्य वैशाख पहिलो सातादेखि थालिने योजना बनाइए पनि कच्चा पदार्थको अभावका कारण दुई महिनादेखि काम रोकिएको हो। हाल यात्रालाई सहजता दिन पक्कीगर्न बाँकी दूरीमा खाल्डाखुल्डी पुर्ने काम भइरहेको योगेशले बताउनुभएको छ। उक्त खडकखण्डको बाँकी एक दशमलव पाँच किमी बिटुमिन आयात भएपछि दोश्रो चरणमा पक्की बनाइने योगेशको भनाइ छ। ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुईचरणको कालोपत्र डिबिएम र अस्फाल कालोपत्रगर्ने काम हुने जनाइएको हो। लामो समयसम्म निर्माण व्यवसायीको लापर्वाहीका कारण रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता कार्य गरिएपछि पुनःस्तरोन्नति कार्यलाई तीव्रता दिइएको थियो। सो कार्यालयकाअनुसार आउँदो पुस महिनामा काम सम्पन्न गर्नेगरी सी-एन ए-वान काली जेभीसँग भ्याटबाहेक ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो। उक्त सडकखण्डमा कालोपत्रेको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी सानातिना काम गरिने योगेशले बताउनुभएको छ। उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्ध गरेको थियो। उक्त सडकखण्ड अरनिको राजमार्गहुँदै नेपालको चिनसँगको उत्तरी नाकासँग जोडिएको छ।

## मेलम्चीको पानी वितरणमा समस्या

काठमाडौं। काठमाडौं उपत्यकामा मेलम्चीको पानी बितरणमा समस्या देखिएको छ। राम्ररी बितरण हुन नसकेपछि मेलम्ची खानेपानी आयोजनाको पानी काठमाडौं उपत्यकामा प्रभावकारीरुपमा वितरणगर्न सुन्दरीजल क्षेत्रमा १८०० मिलिमिटर व्यासको पाइप बिछ्याउने कार्य शुरुगरिएको छ। आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) काअनुसार यो नेपालमा पिआइडीद्वारा खानेपानी वितरणका लागि प्रयोग गरिने हालसम्मकै सबैभन्दा ठूलो साइज (व्यास) को पाइप हो। भक्तपुर, कीर्तिपुर, मध्यपुरथिमि, कपन, जोरपाटी तथा पेप्सीकोला क्षेत्रमा खानेपानी वितरण विस्तारका लागि निर्माण प्रक्रिया अगाडि बढाइएको निर्देशनालय प्रमुख एवं इन्जिनियर रामकुमार श्रेष्ठले बताउनुभएको छ। इन्जिनियर **बाँकी ७ पेजमा**

## शेयरमा.

पाँच लाख सर्वसाधारण कालोसूचीमा परिसकेका छन्। योक्रम बढ्दो छ। किनकि घरजग्गा, गाडी र सेयरको मूल्य निरन्तर घट्दो छ। बजारमा यी वस्तु बेच्न चाहने त थुप्रै भेटिन्छन् तर किन्ने शून्य बराबर छन्। बाबुराम भट्टराईले अर्थमन्त्री र प्रधानमन्त्रीहुँदा घरजग्गा, गाडी र सेयर विलासित वस्तु हुन्, यसमा लगानीगर्दा जुनसुकै बेला डुब्न सकिन्छ भनेका थिए। युवराज खतिवडाले पनि अर्थमन्त्रीहुँदा यही कुरा दोहोर्याएका थिए। राष्ट्र बैंकको गर्भनरहुँदा घरजग्गा, गाडी र सेयरमा लगानी कडाईसमेत गरेका थिए। तर, भूमाफिया, दलालहरुले त्यसको विरोधगर्दै सर्वसाधारणमा भ्रम फैलाए। घरजग्गा, गाडी र सेयरमा लगानीगर्न लगाए। तैपनि बैंक, वित्तिय संस्थाबाट ऋण लिन लगाए। त्यसरी यी क्षेत्रमा लगानी गरेका सर्वसाधारण आज मर्नुकि बाँच्नु अवस्थामा पुगेका छन्। एकातिर जायजेथा सबै गुमाएका छन्, अर्कोतिर कालोसूचीमा परेका छन्। उनीहरुको सन्ततिको भविष्यसमेत अन्योलमा परेको छ। बस्ने ठाउँ छैन। यसले कतिपयले सहन नसकेर आत्महत्याको बाटोसमेत रोजेका छन्। एउटै व्यक्तिको काठमाडौं उपत्यकासहित बिभिन्न ठाउँमा पाँचदेखि ६७ वटासम्म घर पाइन्छ। जग्गा पनि दर्जनौं ठाउँमा छ। एउटै परिवारमा दर्जनौं निजी सवारीसाधन छन्। अब प्रश्न उठ्छ-यसमा गरिएको लगानीले के आम्दानी हुन्छ ? घर ढुंगा, माटो, सिसा, सिमेण्टीलगायतबाट बन्छ। भूकम्प आउनासाथ घर भत्किन्छ। जग्गा खेती गर्न हो। भूमाफियाहरुले टुक्राटुक्रा पारेर घर बनाउन सिकाए। तर, जग्गामा घर बनाउनै रोकलगाइएमा के होला ? एक आना जग्गामै करोडौं लगानी गरिएको छ, त्यो जग्गामा घर बनाउन नपाइने हो र खेतीपाती गर्नुपर्‍योभने के हुन्छ ? जीवनभर खेतीपाती गर्दासमेत त्यो लगानी उठ्दैन। सेयर त एकसय रुपैयाँ कित्ताको भइहाल्यो। यदि सरकारले सेयर १२० रुपैयाँ कित्तामा मात्र किनबेच गर्न पाइने नीति ल्याएमा २६ सय हालेर किन्नेहरुको के होला ? कुनै पनि क्षेत्रमा लगानीगर्दा निकै सोचविचार गर्नुपर्छ, त्यो पनि दीर्घकालीन रुपमा। यहाँ त सरकार नै जनता डुबाउन लागिपर्‍यो। भूमाफिया, दलालहरुले घरजग्गा, गाडी र सेयरको मूल्य कृत्रिम रुपमा बढाइरहे। सरकारले लगानीगर्न प्रोत्साहन गरिरह्यो। फलस्वरुप आज मुलुककै अर्थतन्त्र गम्भीर अवस्थामा पुग्यो। यदि अझै पनि सरकारले यी क्षेत्रमा कडाई नगर्ने होभने डुब्न बाँकी रहेका सर्वसाधारण पनि डुब्नेछन्। बाबुराम र युवराजले सचेत गराउँदै सर्वसाधारणले यी वस्तुमा लगानीगर्न रोकेको भए र सरकारले पनि कड्याई गरेको भए आज यो अवस्था आउने नै थिएन। अब डुब्ने त डुबिसके, नडुबेका बचौं, सचेत होऔं।

## नेपालमा..

राज्यलाई जवाफदेही बनाउन नसक्दा अन्तर्राष्ट्रियकरण बाध्यता बन्नु भने चिन्ताजनक अवस्था हो। अहिले आयोगमाथि उठेको मुख्य प्रश्न यही हो। संविधानले दिएको अधिकार प्रयोगगर्न किन सकिरहेको छैन ? किन आयोगका सिफारिसहरु कमजोर देखिन्छन् ? किन पीडितको पक्षमा आयोगको आवाज प्रभावकारी सुनिँदैन ? किन मानव अधिकार उल्लंघनका गम्भीर विषयहरु अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्न बाध्य भइरहेका छन् ? यी प्रश्नहरुको जवाफ आयोग स्वयंले दिनुपर्ने अवस्था आएको छ। आयोगले आफ्नो विश्वसनीयता जोगाउन चाहन्छभने अब प्रतिवेदन लेख्नेमात्र होइन, कार्यान्वयन सुनिश्चित गराउने, मानवअधिकार विरोधी कानून संशोधनका लागि दबाब सिर्जनागर्ने, अन्तर्राष्ट्रिय सन्धिअनुसार राज्यलाई जवाफदेही बनाउने र आफ्ना सिफारिस अवज्ञागर्ने निकायलाई सार्वजनिक रुपमा चिनाउने साहस देखाउनुपर्छ। अन्यथा मानवअधिकारका घरेलु मुद्दाहरु एकपछि अर्कोगर्दै अन्तर्राष्ट्रिय मञ्चमा पुग्नेक्रम रोकिने छैन। त्यससँगै राष्ट्रिय मानव अधिकार आयोगमाथिको जनविश्वास पनि क्रमशः क्षयीकरणहुँदै जानेछ। आयोगको औचित्य र प्रभावकारिता जोगाउने जिम्मेवारी अब आयोगकै काँधमा आइपुगेको छ। आयोग कसरी अगाडि बढ्छ, त्यो हेर्न बाँकी छ। (**लेखकः- बोहोरा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)**

## सरकारको..

लामो अवधिको ऋण प्रदानगर्न सकिने व्यवस्था रहेको छ भन्नुभयो। परियोजनाको आर्थिक प्रभाव उल्लेखनीय रहने अपेक्षा गरिएको छ। चौधरीकाअनुसार यसबाट ४०० उद्योगले सहुलियतपूर्ण वित्तीय पहुँच प्राप्तगर्ने, ३०० उद्योगमा स्वच्छ ब्वायलर वा फर्नेस जडान हुने तथा ३० मिलियन अमेरिकी डलर बराबरको सहुलियत ऋण परिचालन हुने लक्ष्य राखिएको छ। साथै निजी क्षेत्रबाट थप १८ मिलियन अमेरिकी डलर लगानी आकर्षित हुने अनुमान गरिएको उहाँको भनाइ छ। चौधरीले परियोजनाअन्तर्गत वायु गुणस्तर मापन केन्द्रहरुको विस्तार तथा स्तरोन्नति गरिनेछ। चार वटा केन्द्रलाई सुपरसाइटमा रुपान्तरण गरी प्रदूषणका श्रोत पहिचान, तथ्यांक विश्लेषण तथा अन्तरदेशीय वायु प्रदूषणको निगरानी क्षमता अभिवृद्धि गरिने छ। परियोजना पूर्ण रुपमा कार्यान्वयन भएपछि पिएम-२.५ उत्सर्जन वार्षिक ५०० मेट्रिक टनले घट्ने तथा हरितगृह ग्यास उत्सर्जनमा वार्षिक एक लाख १० हजार टन कमी आउने अपेक्षा गरिएको छ भन्नु भयो। यसले नेपालले अन्तरराष्ट्रिय रुपमा प्रतिबद्धता जनाएको राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्य प्राप्त गर्नसमेत सहयोग पुग्ने विश्वास गरिएको उहाँको भनाइ छ। चौधरीले परियोजनाबाट देशभरका ४०० औद्योगिक प्रतिष्ठान, ती उद्योगमा कार्यरत करिब ६० हजार श्रमिक तथा काठमाडौं उपत्यका र तराई क्षेत्रका करिब एककरोड ८० लाख नागरिक प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभान्वित हुने जानकारी दिनुभयो। उहाँले कार्यक्रममा परियोजनाले उद्योगको उत्पादन लागत घटाई प्रतिस्पर्धी क्षमता बढाउने, स्वदेशी जलबिद्युत्को खपत विस्तारगर्ने, हरित औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने तथा स्वच्छ हावामार्फत जनस्वास्थ्य सुधारमा योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। परियोजनाको समग्र निर्देशनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको अध्यक्षतामा परियोजना स्टेयरिङ समिति रहनेछ। उद्योग विभाग र वातावरण विभागमा छुट्टाछुट्टै कार्यान्वयन एकाइ रहने व्यवस्था गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक मुख्य बैंकिङ साझेदार रहने तथा अन्य वित्तीय संस्थाले समेत सहकार्यगर्ने जनाइएको छ। वातावरण युवा अभियन्ता प्रकाश लामाले वायु प्रदूषणलाई अब केवल वातावरणीय समस्या नभई दैनिक जनस्वास्थ्य संकटकारुपमा लिनुपर्ने बताउनुभयो। उहाँले विश्व बैंकको ५२ मिलियन अमेरिकी डलर ऋण तथा ५ मिलियन अमेरिकी डलर अनुदान सहयोगमा सञ्चालन हुन लागेको नेपाल स्वच्छ वायु तथा समृद्धि (एनक्याप) परियोजनाले प्रदूषण नियन्त्रणका लागि महत्वपूर्ण अवसर प्रदान गरेको बताउनुभयो। उहाँले तर ऋणसँग जिम्मेवारी पनि जोडिएको हुन्छ। त्यो ब्याजसहित फिर्ता गर्नुपर्छ र यसको भार अन्ततः हाम्रो पुस्ताले नै वहन गर्नुपर्ने हुन्छ भन्नुभयो। उहाँका अनुसार उक्त लगानीले वास्तविक र मापनयोग्य परिणाम दिन आवश्यक छ। विशेषगरी इँटा उद्योग, उच्च प्रदूषण उत्सर्जनगर्ने सवारीसाधन, साना तथा मझौला उद्योग र परम्परागत चुलोजस्ता प्रदूषणका प्रमुख श्रोतलाई लक्षित गरी प्रभावकारी हस्तक्षेप गर्नुपर्ने उहाँको भनाइ छ। उहाँले स्वच्छ औद्योगिक प्रविधिको प्रयोग, बिद्युतीय यातायाततर्फ तीव्र रुपान्तरण तथा घरपरिवारका लागि सहज रुपमा स्वच्छ खाना पकाउने प्रविधिको विस्तार आवश्यक छ भन्नुभयो। अभियन्ता लामाले परियोजनाको कार्यान्वयनमा पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिनुपर्नेमा पनि जोड दिनुभयो। उहाँले हरित रोजगारी सिर्जना, आर्थिक वृद्धिदरमा योगदान तथा प्रदूषणजन्य स्वास्थ्य खर्चमा कमीमार्फत लगानीको प्रतिफल सुनिश्चितगर्ने स्पष्ट योजना आवश्यक रहेको बताउनुभयो। उहाँले उधारो लिइएको प्रत्येक रुपैयाँले भविष्यमा त्यसको प्रतिफल दिन सक्नुपर्छ भन्नुभयो। उहाँले स्वच्छ वायु अभियानमा युवालाई केवल लाभग्राहीका रुपमा नभई नेतृत्वकर्ता, अनुसन्धानकर्ता र नवप्रवर्तककारुपमा सहभागी गराउनुपर्ने धारणा राख्नुभयो। उहाँले ५७ मिलियन अमेरिकी डलर केवल आर्थिक सहायता होइन, यो जिम्मेवारी पनि हो। यसलाई बुद्धिमत्तापूर्वक प्रयोग गरौं, नतिजा सुनिश्चित गरौं र स्वच्छ वायु तथा दिगो आर्थिक समृद्धि सँगसँगै अघि बढ्ने नेपाल निर्माण गरौं भन्नु भयो। काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना-०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआईको मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्कारुपमा लिने बताएको छ। यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर बाल्ने कार्य रोक्ने, सडक सफागर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापकगर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीहरुलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ। राष्ट्रिय वातावरण नीति- ०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, बिद्युत्-चुम्बकीय तरंग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयारगरी कार्यान्वयन गरिने सरकारी रणनीति रहेको छ। प्रमुख शहरहरु, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्साङ्कन गरिनेछ रणनीतिमा उल्लेख छ। नीतिमा औद्योगिक तथा अन्य क्षेत्रबाट निष्काशन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ। उद्योग र अन्य व्यवसायहरुबाट निष्कासन हुने प्रदूषणयुक्त धुवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरण-मैत्री प्रविधि कार्यान्वयनमा ल्याइने उल्लेख छ। घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुलो, बिद्युतीय चुलो, बायोग्याँस, सुधारिएको चुलो, चिम्नीजस्ता उपकरणहरुको प्रवर्द्धन गरिनेछ। ऊर्जा किफायती भवन निर्माणमा जोड दिइनेछ। प्रदूषण नियन्त्रणका लागि उत्सर्जन थल नक्साइनका लागि विक्षेपणजस्ता नवीनतम विधिहरुको प्रयोग गरिने पुनःप्रयोगगर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र, हानिकारक फोहर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरिकाले विसर्जन गरिने तथा औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ। काठमाडौं उपत्यकाको वायु हानिकारक र यसको गुणस्तर खस्किनेक्रम तीव्ररुपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययन प्रतिवेदनहरु आइरहेका छन्। सार्वजनिक इन्भारोमेन्ट परफरमेन्स ईन्डेक्स २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण वढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ। वायु प्रदुषणको हिसावले नेपालको स्तर ३१.४४ रहेको छ। वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिवि कीर्तिपुर, सैंवु, सैनिक बिद्यालय भक्तपुरमा प्रदूषण मापन केन्द्र स्थापना गरेको छ। सेन्ट्रल सिस्टममा डाटाजाने र आम सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिन सक्ने व्यवस्था मिलाइएको छ। रासस

## समाजवादी...

गोर्कीले समाजकाबारेमा आमा उपन्यासमा नै प्रष्ट र यथेष्ट औंल्याएका छन्। ती महान विश्व व्यक्तित्वको ९० औं स्मृति दिवसको महत्वपूर्ण अवसरमा उनीप्रति उच्च सम्मानकासाथ अभिवादन प्रकटगर्दै उनको जीवन र कार्यको अनुभव र संघर्षबाट अमूल्य शिक्षा लिएर अग्रगामी र उन्नत सामाजिक परिवर्तन अर्थात नयाँ जनवादी बाटोहुँदै बैज्ञानिक समाजवादमा पदार्पणगर्ने दिशामा दृढतापूर्वक अग्रसर होऔं। यसरीमात्र उनलाई स्मरण गरेको सार्थकता हुन्छ। (**लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**)

## सुकुम्बासी..

व्यवहार राज्यले किन गरेको ? भन्ने प्रश्न पनि यत्रतत्र सर्वत्र हुन थालेको छ। सुकुम्बासीलाई उठिबास गराउने बर्तमान सरकारले १५ दिनभित्र व्यवस्थापनगर्ने भनेको थियो। तर दुई महिनाहुँदा पनि कुनै व्यवस्थापन हुन सकिरहेको छैन। रास्वपा नेतृत्वको बर्तमान सरकारले गत १२ गते वैकल्पिक व्यवस्थापनबिना उनीहरुका घरटहरा जबर्जस्ती भत्काउँदैगर्दा १५ दिनभित्र व्यवस्थापन हुनेछ भनिएको थियो। अब आएर ३५ वर्षसम्मगर्न नसकेको व्यवस्थापन ३० मिनेटमा गर्नसकिन्न भन्न थालिएको छ। नेपालको संविधान, कानून र अन्तर्राष्ट्रिय कानूनले दुई दशकभन्दा अगाडिबाट बसोबासगर्दै चार,पाँच पुस्तासमेत बिताइसकेका सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीको मानवअधिकार सुनिश्चितगर्न दबाव सिर्जना गरेको छ। सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या केवल हटाउने होइन, न्यायपूर्ण समाधान गर्ने विषय हो, जसमा भू-स्वामित्व सहितको अधिकार, पुनर्स्थापना तथा क्षतिपूर्ति अनिवार्यरुपमा सुनिश्चित हुनुपर्छ भन्ने कुरामा दुईमतगर्ने ठाउँ छैन। उनीहरुले अगाडि सारेका मागहरुमा १. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई कानून बमोजिम भूस्वामित्व सहितको स्थायी अधिकार सुनिश्चितगर्न नेपाल सरकारलाई सिफारिस गरियोस्। २. वैकल्पिक व्यवस्थाबिना गरिएको सबै उठिबासलाई गैरकानूनी मान्दै तत्काल त्यस्ता उठिबास कार्यक्रम रोक्न निर्देशन दिइयोस्। ३. वैकल्पिक व्यवस्थापनबिना गरिएको उठिबास बाट पीडित विस्थापित परिवारहरुको क्षति मूल्यांकनगरी उचित क्षतिपूर्ति प्रदान.गर्न सरकारलाई निर्देशन दिइयोस्। ४. हामी काठमाडौं उपत्यकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी र त्यस्तै देशका जति पनि स्थानहरुमा सरकारद्वारा जबर्जस्ती घरटहरा भत्काइएका परिवारहरुको दीगो पुनर्स्थापना र सुरक्षित भूस्वामित्व सहितको व्यवस्थापन तत्काल सुनिश्चित गरियोस्। ५. सरकारद्वारा होल्डिङ सेन्टरमा राखिएका हामी नागरिकहरुको खाना, स्वास्थ्य, सरसफाइ, शान्ति सुरक्षा र तत्काल बासस्थान सुधार गरियोस्। ६. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीहरुको विशेष संरक्षण सुनिश्चित गरियोस्। ७. सरकारद्वारा हाम्रा घरटहरा भत्काइएका कारण विस्थापित भएका परिवारहरुको आवास, रोजगारी, शिक्षा, जीविकोपार्जन र मानवीय गरिमामा पुगेको अन्यायपूर्ण क्षतिको राज्यले जिम्मेवारी लिई तत्काल राहत, उचित क्षतिपूर्ति, सुरक्षित भूस्वामित्वको सुनिश्चितता तथा दीर्घकालीन पुनर्स्थापना कार्यक्रम लागूगरियोस्। ८. राज्यद्वारा प्रयोग हुने अपमानजनक अतिक्रमणकारी, माफियाजस्ता शब्द र रुखो व्यवहार तुरुन्त रोक्न निर्देशन दिइयोस्। ९. संविधानले प्रत्याभूत गरेको समानता, आवास होइन तर भूस्वामित्वसहितको अधिकार, सामाजिक न्याय र मानवअधिकारको पूर्णरुपमा कार्यान्वयन सुनिश्चित गरियोस्। १०. वैकल्पिक व्यवस्थापन बिना घरटहरा भत्काउने, नागरिकलाई महिनौंसम्म असुरक्षित र अमानवीय अवस्थामा राखे तथा संवैधानिक अधिकारको उल्लंघनगर्ने कार्यको स्वतन्त्र छानबिनगरी जिम्मेवार निकाय तथा पदाधिकारीहरुलाई कानूनी दायरामा ल्याइयोस् भन्ने लगायत रहेका छन्। उनीहरुले गत एकगते उक्त ज्ञापनपत्र बुझाएका थिएभने त्यसको एक हप्ताभित्र भूस्वामित्व सहितको सम्मानजनक बसोबासको अधिकार, उचित क्षतिपूर्ति तथा जीवनयापनको सुनिश्चितताको कानूनी ग्यारेन्टीसहित ठोस निर्णय नगरिए हामी काठमाडौंको थापाथली लगायत ठाउँमा सरकारले घरटहरा भत्काएका क्षेत्रहरुमा पुनः फर्किन बाध्य हुनेछौं भनेका छन्। जसलेगर्दा उक्त समस्या फेरी जस्ताको तस्तै हुने र राज्यको अर्बौं रकम नोक्सान हुने अवस्था सिर्जना भएको छ। जुन बर्तमान अवस्थामा गंभिर शोचनीय बिषय भएको छ।

## नेपालमा..

वक्ताको कार्यालयमार्फत प्रक्रिया अगाडि बढाए। ०८२ माघ चारगते सर्वोच्चले ४० हटाउँदै सबै खोलामा २० मिटर लागूगर्‍यो। काठमाडौं उपत्यकामा बस्न डरैडर छ। एकातिर भूकम्पको डर, अर्कोतिर डुबानको। १९९० र ०४५ सालमा ठूलो भूकम्प गयो। १९९० को भूकम्पले खासै क्षति गरेन। कारण थियो-खुला ठाउँ र माटो, खरको घर। २०४५ सालमा केहीले ज्यान गुमाए। ०७२ वैशाख १२ गते गएको भूकम्पमा काठमाडौं उपत्यकामा मात्रै झण्डै नौ हजारको मृत्युभयो। उपत्यकामा पाँचदेखि १९ स्तिलासम्मको घर बनेको छ। त्यही घरले किचेर मान्छे मर्न बेर छैन। सरकारले बेलैमा व्यवस्थित शहरको दीर्घकालीन नीति नबनाउँदा र जनता लापरवाहहुँदा उपत्यका जोखिमको केन्द्र बनेको छ। यहाँ बस्ननै डरमर्दो भइसकेको छ। उपत्यकामा जनताले खोलालाई दुःख दिइरहेका छन्, बाहिरी जिल्लामा खोलाले जनतालाई। खोलाले बगाएर उपत्यका बाहिरका जिल्लामा मान्छेको ज्यान गइरहेको घटना सार्वजनिक भइरहेको हुन्छ। खोलामा झोलुंगे पुल छैन। अहिले पनि तुइनकै भर छ। बिद्यार्थीहरु तुइनबाट खोला तरेर बिद्यालय जान्छन्। तर, सरकार एउटा झोलुंगे पुल हाल्न चासो देखाउँदैन। सरकारको कमजोरीको कारण वर्षैपिच्छे आम नागरिक खोलाले बगाएर मरिरहेका छन्। यता, नागरिकमा पनि सचेतना आएन। खोला छेउछाउ घर बनाउनुहुँदैन, अग्ला घर बनाउनुहुँदैन भन्ने चेतना जनतामा आएन। जनता आफ्नो खुट्टामा आफैं बञ्चरो हानिरहेका छन्। वर्षौंपिच्छे जनता मर्छन्, सरकार दुःख व्यक्त गर्छ, सकियो। कसैले पाठ सिक्दैनन्। नेपाल जस्तो मुलुमका पनि प्राकृतिक प्रकोपप्रति समयमै ध्यानदिन नसक्नु सबैका लागि आश्चर्यको बिषय भएको छ।

## बिभिन्न....

संसदवादी नेताभन्ने घमण्डसमेत रहेको देखिएको छ। नेपालमा नयाँ पुस्ताले नेतृत्वको दाबी गर्नासाथ पुराना नेताहरुले पार्टीनै फुटाइदिने गरेका अनेक उदाहारणहरु रहेका छन्। त्यसमा पनि कम्युनिष्ट पार्टीहरुमा सहजै फुट्ने र सहजै जुट्ने अनौठो राजनीतिक रोग रहेको छ। नेपालमा हालसम्म पनि २० भन्दा बढी कम्युनिष्ट पार्टीहरु रहनु र उनीहरु मोर्चाबद्धसमेत हुन नसक्नुले धेरै कुराहरु स्पष्ट भएका छन्। हुन त नेपाली कांग्रेस र पूर्व पञ्चकासमेत बिभिन्न समूहहरु रहेका छन्। नेपाली कम्युनिष्ट पार्टीका नेता खनालको आफ्नो ३६ बुँदे पत्रमा औंल्याएजस्तै शीर्ष नेताहरुको प्रवृत्तिका कारण पार्टीहरु संकटमा पर्नेगरेका हुन्। आगामी बर्ष हुने स्थानीय निर्वाचनको मुखमा बिभिन्न पार्टीभित्र चुलिएका आन्तरिक कलहलेगर्दा देशको राष्ट्रिय राजनीतिले फेरी अर्को पल्टाबाजी खाने देखिएको छ। गत केही महिनायता एमाले र नेकपाबीच फेरी पार्टी एकताका लागि छलफल चलिरहेको भनेपनि त्यसले खासै आकार ग्रहणगर्न सकेको देखिएको छैन। एमालेसँगको पुनः पार्टी एकताको हल्लाकैबीचमा नेकपाका संयोजक दाहालले आफ्नो पार्टीको एकताको महाधिवेशनलाई पनि अगाडि बढाउन खोजेको देखिएको थियो। नेकपाले आगामी मंसिरमा एकताको राष्ट्रिय महाधिवेशन आयोजनागर्ने कार्यतालिका यसअघिनै सार्वजनिक भएको थियो। तर हाल झलनाथ खनालले सिर्जनागर्न खोजेको बिवादले सो पार्टीको आगामी महाधिवेशन भाँडिने संकेत देखिएको छ। यसरी नेपालका राजनीतिक दलहरुमा देखिएको शक्ति संघर्ष मूलतः नेतृत्व हस्तान्तरण,गुटीय प्रतिश्पर्धा, सरकार र सत्ता नियन्त्रण, चुनावी टिकट वितरण, भावी प्रधानमन्त्री वा पार्टी अध्यक्षको दाबेदारीजस्ता विषयसँग सम्बन्धित रहेका छन्। लोकतान्त्रिक व्यवस्थामा केही हदसम्म यस्तो प्रतिस्पर्धा स्वाभाविक हुने भए पनि अत्यधिक गुटबन्दी र विभाजनले पार्टी तथा देशको राजनीतिक स्थिरतामा नकारात्मक प्रभाव पार्ने निश्चित छ। नेपालमा गत भदौ २३ र २४ को घटनाले खतर्नाक संकेतहरु गरेका छन्। सो घटनाको छानविन गरेर दोषिमाथि कारवाही नगरिएका कारण त्यस्ता घटना फेरी पनि नदोहोरिएलान भन्न नसकिने अवस्था सिर्जना भएको छ। त्यसैले हाल झण्डै दुईतिहाइ बहुमतकासाथ सरकारमा रहेको भनिएको रास्वपाले पनि घमण्डगर्नुको कुनै अर्थ देखिएको छैन। नेपालमा राजनीतिक थिति बस्ननसकेकाले यस्ता घटनाहरु हुनेगरेका हुन्। जसका लागि सबै दलले आपसमा छलफल गरेर केही थिती बसाउने प्रयासगर्नु जरुरी देखिएको छ।

## मेलम्ची..

श्रेष्ठले पाँच क्षेत्रमा खानेपानी वितरण सञ्जाल विस्तारका लागि बोलपत्र आह्वान भइसकेको छ। अब चाँडै अन्य प्रक्रिया शुरुहुन्छ भन्नुभएको छ। उहाँकाअनुसार मेलम्चीको पानीलाई काठमाडौं उपत्यकाका बिभिन्न क्षेत्रमा प्रभावकारीरुपमा पुर्‍याउन निर्देशनालयले दिन तथा रात दुवै सिफ्टमा कामम भइरहेको छ। हाल बिभिन्न स्थानमा रिजर्भ ट्यांकी निर्माण, पाइपलाइन विस्तार तथा अन्य पूर्वाधार निर्माणका काम तीव्र गतिमा भइरहेका आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ। बिछ्याइएका पाइपको परीक्षण सम्पन्न भएपछि सम्पूर्ण प्रणाली काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) लाई हस्तान्तरण गरिने जनाइएको छ।

## पत्रकार....

विकास बोर्डका अध्यक्ष दिनेश डिसी तथा वरिष्ठ कलाकार मोहन निरौला, चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी, पूर्वअध्यक्ष रविन्द्र खड्का, गायक शिव परियार, सीताराम पोखरेल लगायत कलाकार तथा श्रष्टाहरुको उल्लेख्य सहभागिता रहेको थियो। पावर इन्टरनेशनल मिडिया नेपाल (पिम नेपाल)को आयोजना तथा इरा प्रोडक्सन प्रालिको व्यवस्थापनमा सम्पन्न कार्यक्रममा संगीत, साहित्य, पत्रकारिता, कला, शिक्षा तथा सामाजिक क्षेत्रमा योगदान पुर्‍याएका बिभिन्न व्यक्तित्वहरुलाई समेत सम्मान गरिएको थियो। समारोहमा कार्यक्रमका अध्यक्ष माधवराज खरेल तथा संयोजक कमला जोशी रहनुभएको छभने कार्यक्रम निर्देशन सनम कठायतले गर्नुभएको थियो। सो अवसरमा बिभिन्न ३० विधासहित जुरी अवार्ड प्रदान गरिएको थियो।